

हामीलाई मनपर्ने कथाहरु

भाग – १

रुपान्तरः भजुराम तखाछेँ श्रेष्ठ

हामीलाई मनपर्ने कथाहरु

भाग-१

रुपान्तरः

भजुराम तखाछेँ श्रेष्ठ

२०७६

प्रकाशकः

भजुराम तखाछेँ श्रेष्ठ
(bhajupurna@gmail.com)
काठमाण्डू, नेपाल

प्रारम्भिक अनुवाद

सुरेश श्रेष्ठ, सुविधा नगर

भाषा शुद्धिकरणः

धन बहादुर पुलामी

कम्प्यूटर लेआउट

सुजीत कुमार साह

आवरण चित्र

नेपाल जापान बाल पुस्तकालयका बालबालिकाहरु

कथाका चित्रहरुः

आलद्रीना श्रेष्ठ, थानकोट
भूमिका वगाले, थानकोट
प्रतिभा मगर, थानकोट
ईमेज कुमार साह, सानेपा
आयूष कुमार साह, सानेपा
यूना राई, थानकोट
प्रकृती तामाङ्ग, थानकोट

(अथर्र एस माक्सवेलद्वारा लिखत अंकल अर्थरस बेड टाइम स्टोरीबाट नौ कथाहरु रुपान्तरीत)

विषयसूची

अध्याय		पृष्ठ
१.	राजुको गोप्य चाल	१
२.	खोक्रो समोसा	८
३.	हरिको भूल	१३
४.	कुकुरको छाउरा टिँकु	२१
५.	रमिलाको आशा	२७
६.	आगो निभाउने साहसिला दाजुभाइ	३३
७.	दुई रमिला	३८
८.	मधु र रघु	४३
९.	रामेले पाठ सिक्छ	५४
१०.	आमाको हात	५८

हामीलाई मनपर्ने कथाहरु

भाग-१

रुपान्तरः

भजुराम तखाछेँ श्रेष्ठ

२०७६

प्रकाशकः

भजुराम तखाछेँ श्रेष्ठ
(bhajupurna@gmail.com)
काठमाण्डू, नेपाल

प्रारम्भिक अनुवाद

सुरेश श्रेष्ठ, सुविधा नगर

भाषा शुद्धिकरणः

धन बहादुर पुलामी

कम्प्यूटर लेआउट

सुजीत कुमार साह

आवरण चित्र

नेपाल जापान बाल पुस्तकालयका बालबालिकाहरु

कथाका चित्रहरुः

आलद्रीना श्रेष्ठ, थानकोट
भूमिका वगाले, थानकोट
प्रतिभा मगर, थानकोट
ईमेज कुमार साह, सानेपा
आयूष कुमार साह, सानेपा
यूना राई, थानकोट
प्रकृती तामाङ्ग, थानकोट

(अथर्र एस माक्सवेलद्वारा लिखत अंकल अर्थरस बेड टाइम स्टोरीबाट नौ कथाहरु रुपान्तरीत)

विषयसूची

अध्याय		पृष्ठ
१.	राजुको गोप्य चाल	१
२.	खोक्रो समोसा	८
३.	हरिको भूल	१३
४.	कुकुरको छाउरा टिँकु	२१
५.	रमिलाको आशा	२७
६.	आगो निभाउने साहसिला दाजुभाइ	३३
७.	दुई रमिला	३८
८.	मधु र रघु	४३
९.	रामेले पाठ सिक्छ	५४
१०.	आमाको हात	५८

कथा १

राजुको गोप्य चाल

"कसैको काँक्रो चोरेर खाऔं न त ? किनभने मलाई नियास्रो लागिरहेको छ। आ! चोर्नु हुँदैन, बरू अरू कुनै नौलो काम गरौं न त।" चौरमा थचक्क बसेर आफ्नी बहिनी रजनीलाई राजुले सुनाउँछन्। यो बिहानको समय थियो। "हुन्छ नि त, लौ केहि गरौं।" रजनीले पनि दाजुको न्यास्रोपनामा सहमति देखाउँछिन्। दश दिनसम्म स्कुल छुट्टि भएकोले ती दाइ बहिनी घरमै थिए। आफ्ना खेलौनाहरूलेखि तिनीहरू वाक्क भएका थिए। मन बहलाउन तिनीहरूले केहि न केहि नौलो काम गर्न चाहेका थिए।
"चोर त बन्न सक्दैनौं। फेरि चोरी गर्दा अरूले समात्न सक्छ। अनि हामीलाई झन नियास्रो हुन्छ।" रजनीले थपिन्।
"के केहि नगरी त्यसै बसिरहने त? मलाई सोच्न पनि गान्हो भइरहेको छ।" दिक्क मान्दै राजु जवाफ दिन्छ।

"तैपनि केहि बेर सोचौं न त।" बहिनीले हौसला दिँदै भन्छिन्। कहिले आकासतिर हेर्दै, कहिले चौरमा हेर्दै, कहिले एक आपसमा हेराहेर गर्दै ती दाजु बहिनीले सोच्न थाले। सारा बातावरण सुनसान थियो। चराहरूले चिरबिर आवाज र मन्द हावाले मात्र तिनीहरूको सोचलाई खलबल्याइ रहेको थियो।

चित्रः प्रतिभा मगर, उमेर ८ वर्ष

अचानक राजु केहि भेट्टाए झैं गरेर उफ्रियो।“लौ, आइडिया आयो ! मैले भेट्टाएँ !" राजुले चिच्याउँदै भन्यो। “हामी एक किसिमको पोको बनाउने समूह बनौं। त्यस समूहको अध्यक्षचाहिँ म, र तिमी त्यसको सचिब, कस्तो लाग्यो?" आफ्नी बहिनीलाई राजुले प्रस्ताव राख्दछ।

“हुन्छ नि" रजनीले दाजुको कुरामा सहमत हुँदै भन्छिन्। “तर कस्तो खालको पोको बनाउने समूह हो!" आफ्नो खुल्दुली राजुलाई पोखाउँछिन्।
“अरूलाई छक्क पार्ने काम हामी किन नगर्ने?" आफ्नो आइडियालाई व्याख्या नै नगरी राजुले भन्छ।
“हैन, कसरी छक्क पार्ने? कस्तो खालको कुरा तिमीले सोच्यौ?" रजनीले प्रश्न गर्छिन्।

“हामीले हाम्रा छिमेकीहरूको चियो गरौं। कसलाई के सामान चाहिएको छ त्यो सामान पोको पारेर तिनीहरूले थाहै नपाई तिनीहरूलाई दिऔं। अनि ती समानहरू पाएपछि तिनीहरू अचम्म मान्नेछन्। तिनीहरू अचम्म मानेको देख्दा हामीलाई मजा आइहाल्छ नि।" राजुले आफ्नो योजना रजनीलाई सुनाउँछ।

“यो त धेरै राम्रो र रमाइलो आइडिया हो। ल, चाँडै नै सुरू गरौं न त।" उत्साहित हुँदै रजनीले भन्छिन्।

“लौ, अब हामीले आवश्यकता परेका मानिसहरूको एउटा सूची तयार पारौं। अनि कहाँबाट सुरू गर्ने भनेर हामी निर्णय गरौं।" भन्दै राजुले कलम र कागज लिएर सूची तयार गर्न थाल्यो।
अनि बिस्तारै रजनीलाई राजुले भन्छ, “हेर बहिनी, यो काम तिमी र मलाईमात्र थाहा हुनुपर्छ। तिमीले अरू कसैलाई नभन्नु है! हामीले गरेको काम अत्यन्त गोप्य राख्नुपर्छ।"

“भन्दिन, भन्दिन, के तिमीले अझसम्म मलाई विश्वास गर्दैनौ र?" रजनीले राजुलाई विश्वास दिलाउँदै भन्छिन्।

त्यही दिन अपरान्ह राजु र रजनीकी आमा बजारबाट केहि सामानहरू किनेर घर फर्किइन्। भान्छाको टेबुलमा उनले सामानहरू राखिन्। उनी थाकेकी हुनाले कुर्सीमा बसिन् र भान्छा कोठामा एक छिन हेरेर लामो सास तानिन्। बिहान खाना खाएपछि भाँडा माझ्ने ठाउँमा भाँडा र जुठो थालहरू जम्मा गरेर हतार हतारमा आमा बाहिर निस्केकी थिइन्। तर उनी फर्केपछि सबै भाँडा र थालहरू सफा भइसकेका थिए। त्यत्तिमात्र होइन थाल भाँडाहरू बडो जतनसाथ थन्काइएका थिए। भान्छाको टेवुल र चुल्हो पनि सफा भएको देखिन्। त्यत्तिमात्र कहाँ हो र? भान्छाका झ्यालका सिसाहरू पनि सफासँग पुछिएका थिए। आमाले यस्तो भएको कहिले पनि देखेकी थिइनन्। घरमाचाहिँ कोहि पनि थिएनन्। यो घरमा कसले यसरी सफा गरे होलान् भनेर उनले अचम्म मानिन्।

राजु र रजनी बगैंचामा खेलीरहेका थिए। छक्क परिरहेकी आमा भित्रै रहेको बेलामा तिनीहरू घरभित्र पसे।

“हैन, आज त भान्छा कोठाहरू अत्यन्त सफा पारिराखेका छन्। के तिमीहरूको काकी म गएपछि आएकी थिइन्?" आमाले तिनीहरूलाई सोध्छिन्।

“खोइ, काकी आउनुभएको त हामीले देखेनौं" भन्दै आमाले अरू कुरा नसोधुन् भनेर राजु र रजनी आ-आफ्ना कोठामा गए।

“तर आज भान्छा त कस्तो सफा रहेछ। आज दिउँसो मैले केहि काम गर्नु परेन। मलाई थकाई पनि लागिरहेछ। आज बेलुका मैले बढि नै आराम गर्न पाउने भएँ। तर कसले यसरी घर सफा गऱ्यो होला? मलाई त अचम्म लागिरहेछ!" भन्दै आमाले खुशी व्यक्त गरिन्।

चित्रः आलद्रीना श्रेष्ठ, उमेर १० वर्ष

त्यत्ति नै खेर आमाले एउटा चिठी ढोका निर भेट्टाइन्। त्यो चिठी खोलिन् र पढिन्। त्यसमा यस्तो लेखिएको थियोः "प्यारसाथ पोको समूह, कोठा सफाको उपहार।"

आमाले आफ्ना छोराछोरीलाई पत्र देखाउँदै सोधिन्ः "ए राजु, ए रजनी, यस पत्रको अर्थ के हो हँ। मलाई त अचम्म लागिरहेको छ।"

"ए, यो त अचम्मको पत्र पो रहेछ, हगि आमा" भनेर केहि थाहा नपाए जस्तै गरेर राजुले सोध्यो।

"हेरौं, यसको अर्थ के होला? यसको अर्थ बुझ्न पर्खनु पर्छ होला।" भनेर रजनीले पनि केहि थाहा नपाए जस्तै गरिन्।

अर्को दिन ती दुई जना केटाकेटी एक जना बूढी आमा उमाको घरमा गए। तिनी एक्लै थिइन् र तिनलाई हेरबिचार गर्ने कोहि पनि थिएन। राजुको

हातमा केही चिज थियो। उसले बूढी आमाको ढोका ढकढक्यायो। कोहि पनि ढोका खोल्न आएन। राजुले बिस्तारै झ्यालबाट चिहाएर हेरे। बूढी आमा मस्त निन्द्रामा थिइन्। राजुले बिस्तारै ढोका खोले। उसको पछि रजनी पनि थिई। राजु बिस्तारै उमाको कोठाभित्र पसे र उनी सुतेकी खाटनिर गए। आफूले ल्याएको पोको राजुले खाटको छेउमा रहेको टेबुलमा राखे र हतपत्त तिनीहरू बाहिर निस्के। रजनी हडबढाएको कारणले उनी ढोकाको खुडकिलामा लडिन्।

"कसरी हिँडेकी हौ?" भनेर राजुले रजनीलाई हप्काए। त्यस आवाजले बूढी आमा उमा व्युँझिन्। "त्यहाँ को छ हँ?" भनेर उनले बोलाइन्। तर ढोका वन्द थियो। ती दुई केटाकेटी वेपत्ता भइसकेका थिए।

बूढी आमा उमाले टेबुलमा पोको देखिन्। उनले त्यस पोकोलाई खोलेर हेरिन्। त्यसमा तिनवटा अण्डा थिए। "यो पोको कसले ल्यायो होला?" भनेर उनले अचम्म मानिन्। त्यस पोकोलाई कागजले बेरेको थियो र त्यस कागजमा केहि लेखिएको थियो। उनले त्यो पढिन्। त्यसमा लेखिएको थियो, "अचम्मको पोको समूहद्वारा धेरै धेरै माया सहित।" त्यो समूह को होला भनेर बूढी आमा उमा छक्क परिन्।

राजुको स्कुलको साथी मुकेशलाई गलगाँड आएको थियो र एक्लै कोठामा नियास्रो मानेर लडिरहेको थियो। डाक्टरले कहिँ नजानु भनेकोले उसलाई नरमाइलो लागिरहेको थियो। उनको घरका पर्खालहरू अग्ला थिए। आफ्नो खाटबाट बगैंचा बाहेक उसले बाहिर केहि पनि देख्न सकेको थिएन।

सधैं झैं मुकेशले एक दिन झ्यालबाट बाहिर बगैंचामा हेरिरहेको थियो। तर त्यस दिन मुकेशले डोरीले बाँधेको एउटा चारकुने बट्टा आफ्नो पर्खालभित्र झुण्डि रहेको देख्यो।

"आमा छिट्टो आउनुहोस न! त्यहाँ बगैंचामा के रहेछ, हेर्नुहोस् न! " भनेर आमालाई डाक्दै भन्यो। अचम्म मानेर आमा बगैंचामा गइन्। उनले

त्यस बट्टालाई घर भित्र ल्याइन् र मुकेशलाई दिइन्। त्यो बट्टा राम्रोसँग रँगिन कागजले बेरिएका थिए। बिस्तारै मुकेशले त्यो बट्टा खोल्यो। त्यस बट्टाभित्र अरू चारवटा साना साना बट्टाहरू थिए। ती बट्टाहरू पनि रँगिन कागतले बेरेका थिए, तर एक बट्टाको बाहिर “सोमबार खोल" दोश्रोको बाहिर "बुधवार खोल", तेश्रोको बाहिर “शुक्रबार खोल" र चौथोका बाहिर “आइतबार खोल" भनेर लेखिएको थियो।

सोमबारकै दिन त्यो बट्टा भेट्टिएकोले मुकेशले “सोमबार खोल" भनेर लेखिएको बट्टा खोल्यो। त्यो बट्टामा त रङ्गहरू पो थिए। यो देखेर मुकेश अत्यन्त खुशी भयो। कसले यो पोको पठायो होला भनेर त्यस बट्टाको वरिपरि हेर्दा उनले त्यहाँ केहि लेखेको भेट्टाए। त्यसमा लेखिएको थियो, “छिट्टो निको हुनु है!’ अचम्मको पोको समूह।" “आमा यो अचम्मको पोको समूह भन्ने को हो?" भनेर मुकेशले आमालाई सोधे। तर आमालाई त्यसको जवाफ थाहा थिएन।

तर त्यो गोप्य समूह सधैं गोप्य रहन सकेन। राजु र रजनी दोश्रो पल्ट बूढी आमा उमालाई भेट्न गए। उनीहरूले फूलको गुच्छा र केहि अण्डाहरू लिएर गएका थिए। बूढी आमा आँखा चिम्म गरेर सुतिरहेकी थिईन्। उनी एक्लै थिइन्। मुसाको चालमा राजु र रजनी घरभित्र पसे। तिनीहरूले आफूले ल्याएका उपहार टेबुलमा राखेर सुइकुच्चा ठोके। बूढी आमाले तिनीहरूलाई नचिनुन् भनेर उनी उठ्नु भन्दा अघि नै तिनीहरू भाग्नु परेको थियो। तर अर्को भित्र कोठामा कोहि छ भनेर तिनीहरूलाई पत्तो नै थिएन। त्याहाँ बूढी आमाको डाक्टर बसिरहेको थियो। त्यस डाक्टरले राजु र रजनीलाई देखेका थिए। तर उसले पनि केहि थाहा नपाएको जस्तै गरेर बसेका थिए। जब राजु र रजनी बाहिर निस्के तब त्यस डाक्टरले टेबुलमा गएर उपहारको पोको खोले। त्यसमा एउटा कार्ड थियो जसमा लेखिएको थियो, “मायाको साथ, अचम्मको पोको समूह।"

“अचम्मको पोको समूह भनेर लेखेको पोकोमा अण्डाहरू थिए" भनेर बूढी आमाले डाक्टरलाई पहिला नै भनेकी थिइन्। अघिल्लो दिन मुकेशले पनि आफ्नो बारीभित्र अचम्मको पोको समूहले उपहार ल्याएको कुरा डाक्टरलाई भनेका थिए।

ती घट्ना भएको केहि दिन पछि राजु र रजनीको घरमा “अचम्मको पोको समूह"को नाउँमा एउटा पत्र आयो। त्यस पत्रमा “अचम्मको पोको समूहलाई डा. उपेन्द्र शाहको घरमा खानाको निमन्त्रणा" लेखिएको थियो। राजु र रजनी छक्क पर्दै डाक्टरको घरमा गए। त्याहाँ डाक्टर उपेन्द्रले तिनीहरूलाई अङ्गालो मार्दै भान्छामा लगे। राजु र रजनीले मजा मानेर डाक्टरसँग खाना खाए। खाना खाइसकेपछि बिदावारी हुनुभन्दा अघि डाक्टरले राजु र रजनीलाई रङ्गिन कागजले बेरेको दुईवटा उपहारको बट्टा दिए। ती दुई वट्टाहरू बूढी आमा र मुकेशलाई दिइएका जस्तै थिए। त्यो देखेर उनीहरूले अचम्म माने। दाजु र बहिनीले एक-आर्काको अनुहार छक्क पर्दै हेरे। तर डाक्टरलाई त्यसको बारेमा सोधपुछ गर्न तिनीहरूलाई आँट आएन। तिनीहरूको गोप्य काम डाक्टरले थाहा पाएका थिए। तर तिनीहरूलाई उनले केहि पनि भनेनन्। त्यो राजु र रजनीको निम्ति गोप्य भएको थियो।

राजु र रजनी घरमा आए र खुल्दुली मान्दै ती उपहारका पोकोहरू खोले। राजुको निम्ति टुक्राहरू मिलाएर बनाउने हवाई जहाज थियो भने रजनीको निम्ति राम्रो पुतली थियो। ती उपहारहरू देखेर तिनीहरूले अचम्म माने।

“काँक्रो चोर्नु भन्दा अरूलाई छक्क पार्ने गोप्य काम गर्नु नै मजा हुँदोरहेछ।" राजुले रजनीलाई अङ्गालो मार्दै भन्यो।

कथा २ | खोक्रो समोसा

राम एक असल केटो थियो। उसका तीन जना भाइहरू थिए। तिनीहरूको नाउँ बलराम, घनश्याम र कृष्ण थिए। तर सबै केटाकेटीहरूको कुनै न कुनै सुधार्नुपर्ने बानी हुन्छ। त्यस्तै गरेर रामको पनि घरमा कसैले मन नपर्ने एउटा बानी थियो। ऊ जहाँ गएपनि जसको घरमा खान गएपनि ठूलो चिजमै उसको आँखा जाने बानी थियो। "ए ठूलो आँखा दाइ, ए लोभी दाइ" भनेर भाइहरूले उसलाई जिस्क्याउँथे। भाइहरूले माया नै गरेर उसको बानी राम्रो होस् भनेर त्यसरी बोलाउँथे। तिनीहरूले जिस्क्याएपनि रामले वास्ता गर्दैनथ्यो।

चित्रः आलद्रीना श्रेष्ठ, उमेर १० वर्ष

भोजभतेरमा रामलाई लिएर जान कोहि पनि मान्दैनथे। तर उसलाई चित्त दुखाउन नचाहेकोले मात्र उसलाई लैजान्थे। भोजमा सबैको अगाडि हतपत्त खाने कुरा लिन अरूको अगाडि जान्थ्यो। उसले खान नसकेपनि थाल भरी खानेकुरा लिन्थ्यो। मिठाइ पनि ठूलो ठूलो लिन्थ्यो। कतिपय समयमा खान नसकेर सबैको अगाडि खानेकुरा उसले फ्याँक्थ्यो। उसले गर्दा आमाबाबुलाई लाजै हुन्थ्यो। उसको बानीले गर्दा आमाबाबुले भोजमा माफी पनि माग्नु पर्थ्यो। रामको बानीलाई कसरी सुधार्ने भनेर आमाबाबु सधैं चिन्ता गर्दथे। रामको आमा रामदेखि दिक्क मान्थिन्। नजिकमा रहेकी आफ्नी बहिनीकहाँ गएर आमाले बारम्बार रामको बारेमा दुःख पोखाउँथिन्।

एक दिन रामकी सानीमाले सबैलाई बेलुका मिठाइ खान बोलाइन्। सानीमाले मीठो मीठो पकाउने भएकोले उनको घरमा राम खान जान मनपराउँथ्यो। त्यसकारण राम र उसका भाइहरू सानीमाको घरमा खान त्यहाँ जान हतारिरहेका थिए। मीठो र धेरै खाने दाउमा रामले दिउँसोको खाजा धेरै खाएको थिएन।

जब बेलुका भयो तब राम र उसको परिवार मिठाइ खान सानीमाको घरमा गए। एक छिनको गफसफ पछि सबै जना भान्सा कोठामा गए। त्यहाँ रामको सानीमाले सबैको लागि मीठो मीठो स्वादिलो मिठाइहरू तयार गरेकी थिइन्। टेबुलमा भएका ती खानाहरूलाई देखेर रामको पेट झन भोकले रन्थनियो। दिउँसो अलिकतिमात्र खाना खाएकोले उसलाई भोक लागिरहेको थियो। खाना खान सबै जना टेबुलको वरिपरि बसे। रामको बुबालाई खानको लागि धन्यवाद दिन प्रार्थना गर्न अनुरोध गरियो। प्रार्थना पछि, सबैको आँखा खानेकुरातिर गयो। अरू दिनभन्दा त्यस दिन खानाहरू विशेष प्रकारका थिए। आलुचप र समोसा केहि साना साना थिए भने एक दुईवटा ठूला ठूला थिए। भोक लागेकोले त्यहाँ भएको खान सबै आफैले मात्र खान पाए हुन्थ्यो भनेर रामले सोचिरहेको थियो। विशेष गरेर उसको

चित्रः यूना राई, उमेर ७ वर्ष

आँखा ठूलो ठूलो आलुचप र समोसामा पऱ्यो। सानीमाले पकाएका आलुचप र समोसा मीठो हुन्थ्यो। जब खाना लिने बेला आयो, ती ठूला ठूला आलु चप र समोसा कसैले नलियोस् भनेर मनमनै हतारिन पुग्यो।

खानेकुराहरू बाँड्ने क्रममा खानेकुरा भएको थाल सबैकहाँ पालै पालो आयो। "ओहो! ती ठूला ठूला आलु चप र समोसा चाहीँ मेरै हातमा आओस्, कसैले नलेओस्" भनेर उसको मनको हातले तान्न थाल्यो। रामको भाग्यवस, ठूलो समोसा र आलुचप कसैले लिएनन्। उसको हातमा त्यो थाल आउने वितिक्कै हतपत चिलले चरालाई टिपे झैं उसका औंलाहरूले ती ठूला ठूला

आलुचप र समोसालाई टिपेर आफ्नो थालमा राख्यो। आफू पछिका अरू ठूलाहरूको वास्ता उसले गरेन।

ठूला ठूला आलुचप र समोसा त लियो, तर उसको लागि तिनीहरूले के पर्खिरहेका थिए भनेर उसलाई थाहै थिएन। जब ठूलो आलु चप उसले मुखमा हाल्यो तब त्यो नपाकेकोले नमीठो भएको थाहा पायो। अनि चम्चाले समोसालाई टुक्रा पार्न थाल्यो तर चम्चाले त सिधै थालमा कोर्न पुग्यो। किनभने त्यो समोसा खोक्रो थियो। राम अत्यन्त निराश भयो र झण्डै आँखामा आँसु आयो। मीठो लाग्ने कुरा खान नपाएपछि भात पनि उसलाई खान मन लागेन। तै पनि ती चप र समोसा केहि नभनी खायो। अरूहरू भने खानेकुराहरू मजासँग खाइरहेका थिए।

आलु चप, समोसा र भात खाइसकेपछि मिठाइको समय आयो। त्यहाँ साना ठूला रसवरीहरू थिए। ती रसिला रसवरीहरू देखेर रामको मुखमा पानी रसाएको थियो। त्यहाँ पनि उसको आँखा ती ठूला ठूला रसवरीमा पऱ्यो। समोसा त खोक्रो भयो भयो त्यसको सट्टा ठूलो रसबरी खान्छु भनेर त्यो आफूकहाँ आओस् भनेर आत्तुरी हुन थाल्यो। जब उसकहाँ ती रसबरीहरू आए, उसले ठूला ठूला दुई रसबरीहरू झ्याप्पै लिएर आफ्नो थालमा राख्यो। चम्चाले काटेर ती रसबरी खान मात्र के लागेको थियो, उसको मुखमा तितो पिठो पऱ्यो र वाक्क गऱ्यो। "रसबरी बाहिरबाट राम्रै देखिन्थ्यो, आज सानीमाले यस्तो खान किन बनाउनुभयो होला? उहाँले त राम्रै खानाहरू बनाउनुहुन्थ्यो" भनेर भित्रभित्र खानाप्रति राम रिस पोखाउँदै थियो। अरूहरूको मुख उसले हेऱ्यो। तिनीहरूले खाना रमाइलोमानेरै खाइरहेका थिए। आफूमाथि अन्याय भएको सोचेतापनि अरूहरू हाँस्लान् भनेर उसले केहि भनेन। रसबरी पछि लड्डुको पालो आयो। त्यहाँ पनि ठूला साना लड्डुहरू थिए। तितो मुख र तितो अनुहार लगाएको रामले राम्रो देखेको ठूलो लड्डुमा हात राख्न हतारिन थाल्यो। “पहिला त धोक्का खाएँ खाएँ, अव त कसरी धोक्का पाइएला र?" भनेर रामले सोच्दै थियो। उसको

हातमा लड्डुको थाल आएपछि कुखुराको फुल जस्तो दुईवटा लड्डु उसले लियो। जब लड्डुलाई आफ्नो मुखमा हाल्यो, तब काँचो पिठो उसको मुखमा फुस्स पऱ्यो। उसको मुख लाजले रातो भयो। कस्तो नमीठो लड्डु भन्दै लड्डुलाई गाली गर्दै जबरजस्ती त्यसलाई निल्न खोज्यो। त्यस पछि अर्को लड्डु पनि लियो। त्यो पनि त्यहि फुस्रो स्वादको थियो। तब राम त्यस भान्साबाट सुइकुच्चा ठोक्न चाह्यो।

खाना खाएपछि अरूहरूचाहिँ रमाइलो गर्दै घर फर्के। "दाइ, सानीमाले पकाउनुभएको समोसा, आलुचप, रसबरी, लड्डु कस्तो मीठो थियो हगि?" भनेर बाटोमा बलरामले उसको मुटु छेड्ने गरि भन्यो। खाना खाने बेलामा रामको अनुहार अँध्यारो भएको बलरामलाई थाहा थियो। राम बोल्न चाहेन।

"हैन, दाइ, तपाईंलाई त सानीमाको मिठाई राम्रो लागेन कि क्याहो? तपाईंको मुख अँध्यारो थियो। के भयो?" भन्दै रामले बलरामलाई कोतर्न खोज्यो।"के मीठो भन्छस्, जुन मिठाइ खाए पनि नमीठो थियो। कुन्नि के भयो आज सानीमालाई। उनको खाना कस्तो स्वाद नभएको थियो आज।" दुःख पोखाउँदै रामले भन्यो।

"ए! त्यसैले होला तपाईंको मुख नमीठो देखिएको।" बलरामले थाहा पाएपनि नपाएको जस्तै गरि भन्यो। "मैले ठूलो ठूलो चिज लिइँन, ती मीठै थिए। तपाईंले पनि ठूलो ठूलो चिजमा आँखा नलगाइ बरू ठूलो ठूलो चिज अरूले नै खाउन् भनेर सानो सानो चिज लिएको भए राम्रो हुन्थ्यो होला, अर्को पटक ठूलोमा आँखा नलगाउनुहोस् है! " भनेर भाइले दाइलाई अर्ती दिए।

सबै जना सुत्न गए। त्यो रात रामलाई निन्द्रा पटक्कै लागेन। आफूले पाएको तितो अनुभव र भाइ बलरामले दिएको तितो सत्यको अर्ती रामको दिमागमा कुक्कुर भुकेको जस्तो भइरहेको थियो। अन्तमा बलरामको अर्ती नै ठीकै थियो भनेर भविष्यमा त्यसलाई पालन गर्ने निर्णय गरेर ऊ निन्द्रासँग डुवुल्की मार्न पुग्यो।

कथा ३ | हरिको भुल

हजुरआमा भन्ने वित्तिक्कै हरि भुतुक्कै हुन्थ्यो। तर हजुरआमा गाउँमा बस्थिन् भने हरि शहरमा। शहरमा हरिको बाबुआमा बस्दथे। त्यहीँ हरि पनि स्कुल जान्थ्यो। हरि प्राइमरी स्कुलमा पढ्थ्यो। विदा भयो कि हरि गाउँमा जान्थ्यो। हरि हजुरआमाको एक्लो नाति थियो। त्यसकारण हजुर- आमाले हरिलाई असाध्यै माया गर्थिन्।

तीन कक्षा पढ्दै गर्दा जाडोको छुट्टी भयो। सधैं झैं हरि हजुरआमाको घरमा गयो। गाउँको वातावरण शहर जस्तो थिएन। त्यहाँ पहाड, चिटिक्क परेका स-साना घर र हरिया बारीहरू जताततै थिए। गाउँको वातावरण रमाइलो थियो। जताततै दगुरेर खेल्न पाइन्थ्यो र मोटरले किच्ला भन्ने डर थिएन। बारम्बार गाउँमा जाने भएकोले हरिले गाउँमा केही साथीहरू पनि बनाएको थियो। साथीभाइहरू मिलेर बारीमा र रूखहरू भएको ठाउँमा लुकामारी खेल्न असाध्यै रमाइलो हुन्थ्यो। हजुरआमाको गाउँमा पसलहरू धेरै थिएनन्। एक दुईवटा किराना पसलहरू थिए। हजुर आमाको घरभन्दा अलिकति टाढा अरू भन्दा एउटा अलि ठूलो पसल थियो। त्यहाँ प्रायजसो सबै थोक पाइन्थ्यो।

एक दिन बाहिर खेलिरहेको हरिलाई हजुरआमाले बोलाउनु भयो

“हरि!"

“हजुर" हरिले जवाफ दियो।

“बजार जाने?" हजुरआमाले सोधिन्।

“जाने जाने" भनेर हरिले खुशी भएर जवाफ दियो।

घरबाट बजार अलिकति टाढा थियो। तैपनि दायाँबायाँ रूखहरू भएका र हरियो बारी हेर्दै बाटोमा ढुङ्गालाई बल जस्तो खेलाउँदै, हजुरआमासँग गफगर्दै बजार जानु हरिलाई रमाइलो लाग्थ्यो। तब एकदिन बिहानको भात खाइसकेपछि हजुरआमा र हरि बजारतिर लागे। फाट्टफुट्ट साइकलबाहेक अरू मोटरहरू कमै चल्थे। सामान र दूध ल्याउने गाडीहरू बाहेक त्यो गाउँमा बसहरू हप्ताको एक दुईवटामात्रै चल्ने भएको हुनाले हरि खुला ठाउँमा रमाइलो मान्दै बाटोमा खेलीखेली गएको थियो।

चित्रः आलद्रीना श्रेष्ठ, उमेर १० वर्ष

बजारमा घुम्दाघुम्दै तिनीहरू एउटा ठूलो दोकानमा पसे। दोकानमा हाँसीरहेकी साहुनीले तिनीहरूलाई नमस्ते भनेर बोलाइन्। त्यस दोकानमा प्रायजसो घरको लागि सबै थोक पाइन्थ्यो। हजुरआमाले के के किन्ने भनेर कागजमा लेखेकी थिइन्। त्यहि अनुसार उनले सामान टिप्न थालिन्।

जब हजुरआमाले सामान टिप्दै थिइन्, त्यसबेला हरि पसलमा घुम्न थाल्यो। त्यहाँ धेरै राम्रा राम्रा मन पर्ने सामानहरू थिए। एउटा सिसाको दराजमा लोभ लाग्दो मिठाइहरू सजाएर राखिएका थिए। बाहिरबाट देख्ने गरेर राखिएको रेफ्रिजरेटरमा दूध, नौनी, चिज आदि थिए। पसलको बीचमा विभिन्न फलफूल र तरकारीहरू थिए। त्यहाँ भएका विभिन्न मग मग वास्ना आउने मिठाई र खानेकुराले गर्दा हरिलाई भोक लाग्न थाल्यो।

पसलमा धेरै मानिसहरू थिएनन्। हजुरआमा र पसलको साहुनी अलि टाढै भएको बेलामा हरि कालो र स्वादिलो अङ्गुरहरू भएको ठाउँमा गएर

ठिङ्ग उभियो। त्यहाँ वरिपरि कोहि पनि थिएन। उसले यताउति हेऱ्यो र एउटा अङ्गुर टिपेर मुखमा हाल्यो। उसलाई त्यो अङ्गुर असाध्यै मीठो लागेछ। भित्री मनले त नखाऊ भनेको थियो। तर स्वाद र भोकले गर्दा त्यो भित्री मनलाई मनकै कुनामा हरिले धपाइ दियो। अनि उसले एउटा अर्को पनि टिप्यो। एउटा एउटा गरेर खाँदा खाँदा उसको पेट अङ्गुरले नै भरियो। त्यहाँ अङ्गुरका अरू टोकरीहरू पनि थिए। एक टोकरी अर्को टोकरीबाट अङ्गुर लिँदा टोकरीको अङ्गुर घटेको जस्तो देखिँदैनथ्यो।

ट्याप्प ट्याप्प अङ्गुर टिपेर खाइरहेकोबेलामा हजुरआमाले “हरि, तिमी कहाँ छौ?" भनेर बोलाइन्। हजुरआमाको आवाज सुन्दा त हरि एकछिन झसङ्ग भयो। उसलाई भाग्न पनि मनलाग्यो। हजुरआमाले आफूले चाहेको सबै थोक किनिसकेकी थिइन् र पसलको ढोकामा उभिएकी थिइन्।

“म यहाँ छु" भन्दै अङ्गुरले कालो भएको हात पाइन्टमा पुछ्दै जवाफ दियो । अङ्गुहरूको टोकरी भएको ठाउँबाट हुत्तिएर हरि हजुरआमा भएको ठाउँमा पुग्यो। “तिमीले एउटा झोला बोकिदेऊ" भनेर हजुरआमाले उसलाई एउटा झोला उसको हातमा राखी दिइन्। सधैँ पसल जानेबेलामा झोलाहरू खुशी मानेर बोक्ने हरि त्यसदिन हिचकिचाउँदै हजुरआमाबाट सानो झोला लिएर शीर निहुराउँदै हजुरआमाको पछि पछि लाग्न थाल्यो।

सधैँ रमाइलो मान्दै सँगसँगै घर फर्किने हरि त्यसदिन हजुरआमाको पछि पछि लागेकोले हजुरआमा एक छिन पर बाटोमा टक्क रोकिइन् र हरितिर हेरिन्।

"हरि मलाई हेर!" हजुरआमाको अनुहार अध्यारो भएको हरिले देख्यो। "तिम्रो अनुहारमा के को कालो दाग?" भनेर हजुरआमाले सोध्दा त उसको सातोपुत्लो नै गयो। तैपनि थाहा नपाएको जस्तो गरी हातले पुछ्दै "के दाग?" भनेर जवाफ दियो।

"तिम्रो मुखको वरिपरि कालो कालो, रातो रातो दाग छ नि?" हरिको मुखमा हात राख्दै हजुरआमाले सोधिन्।

अङ्गुरको रङ्गले मुखमा दाग लागेको हरिलाई आफ्नो अनुहारमा रङ्ग लागेको छ भनेर थाहा थिएन त्यसकारण "मलाई थाहा छैन।" भनेर हरिले जवाफ दियो।

"हरि, तिमीले अङ्गुर खाएको त होइन?" हरिको आँखामा हेरेर हजुरआमाले सोधिन्।

अङ्गुर चोरेर खाएको हजुरआमाबाट लुकाउन नसकिने रहेछ भनेर शिर निहुराउँदै हरिले जवाफ दियो "अँ, एक दुईवटा।"

"त्यो अङ्गुर कहाँबाट पायौ?" भनेर हजुरआमाले केरिन्।

"त्यही पसलबाट" हरिले लुकाउन सकेन।

"के तिमीले किनेर खाएको हो त?" हजुरआमाले जान्न चाहिन्।

"होइन" हरिले स्वीकार गऱ्यो।

"त्यसो भए साहुनीसँग नसोधी चोरेर खाएको हो त?" हजुरआमाले जान्न चाहिन्।

"हो!" डराइ, डराइ हरिले जवाफ दियो।

"हरि तिमीले नराम्रो काम गऱ्यौ। अरूको चोर्नुहुन्न भनेर तिमीले सिकेको होइन र? तिमीदेखि मलाई दुख लाग्यो। ल छिटो घर हिँड। तिमीले नसोधिकन अङ्गुर खाएकोले त्यसको लागि केही गर्नुपर्छ।" हजुरआमाले अलिकति कडा भएर हरिलाई भनिन्।

हरिलाई के गरूँ के गरूँ भयो। उसलाई रून पनि मनलाग्यो। अरूको अङ्गुर चोरेर खाएकोले आफूप्रति रिस पनि उठ्यो। जे भएपनि पाइला घिसार्दै हरि हजुरआमासँगसँगै घर गयो।

घरमा पुगेपछि हजुरआमाले हरिलाई बैठकमा बोलाएर उसको अगाडि घुँडा टेकेर भनिन् "हरि, तिमीले जे गऱ्यौ त्यो ठीक थिएन, के तिमीलाई थाहा छ?"

"थाहा छ।" हरिले जवाफ दियो।

"कसरी थाहा छ?" हजुरआमाले सोधिन्।

"परमेश्वरले दश आज्ञामा नचोर्नु भन्नु भएको छ र मैले वास्ता गरिँन।" हरिले डराएर जवाफ दियो। अब हजुरआमाले मलाई कुट्नुहुन्छ भनेर हरि थरथर काम्यो।

"हरि तिमीले दुई वटा काम अव गर्नुपर्छ। पहिलो त तिमीले परमेश्वरसँग माफी माग्नु पर्छ अनि साहुनीकहाँ गएर तिमीले अङ्गुर खाएको पैसा तिर्नुपर्छ र उनीसँग माफी माग्नुपर्छ।" हजुरआमाले सिधै भनिन्।

"परमेश्वरसँग त म अब कहिल्यै पनि चोर्दिन भनेर माफी माग्छु तर साहुनीसँग त कसरी?" अब हरि रूँदै भन्यो।

"मलाई थाहा छ। साहुनीसँग माफीमाग्न सजिलो छैन। तर पहिले तिम्रो खुत्रुकेमा भएको पैसा ल्याऊ।" हजुरआमाले हरिलाई अऱ्हाइन्।

"किन हजुरआमा, के मैले खाएको अङ्गुरको पैसा मैले नै तिर्ने र?" अचम्म मान्दै हरिले सोध्यो।

"तिमीले खाएको अङ्गुरको पैसा तिमीले नै तिर्नुपर्छ।" हजुरआमाले नहिच्किच्याइ भनिन्।

"मसँग भएको सबै पैसा साहुनीलाई दिने त? अनि मसँग केहि पैसा पनि रहँदैन।" हरिले झर्को मान्दै आफ्नो कोठामा गएर खुत्रुके लिएर आयो।

"पैसा ठूलो कुरो होइन। तिमीले चोरेकोमा दुःख मान्नुपर्छ। अनि साहुनीसँग माफी माग्नुपर्छ।" हजुरआमाले अँध्यारो मुख लगाएर भनिन्।

हरिले खुत्रुके खोल्यो र पैसा गन्यो। त्यहाँ एक मोहर एक रूपैयाँ गरेर जम्मा गरिएको पचास रूपैयाँ थियो। "के मैले यो सबै साहुनीलाई दिने?" रून्चे मुख लगाएर हरिले भन्यो।

"हो, मेरो बिचारमा तिमीले कमसेकम पचास रूपैंयाको अङ्गुर खायौ। जाऊ। ठीक काम गर्न बहादुर होऊ। साहुनीकहाँ गएर आफ्नो गल्ती स्वीकार गर र पैसा तिरेर आऊ।" हरिको आँसु पुछदै हजुरआमाले हरिलाई अङ्गालो मार्दै एक्लै पसलमा पठाइन्।

चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

साहुनीकहाँ गएर आफूले अङ्गुर चोरेर खाएको कुरा स्वीकार गरेर अङ्गुरको मोल तिर्न लिएर गएको पैसा हरिलाई असाध्यै गऱ्हौ जस्तो लागेको थियो। पैसा गऱ्हौं त होइन, साहुनीको अगाडी मुख देखाएर आफ्नो गल्ती भन्न गाऱ्हो लागेको थियो। त्यसैले आफ्ना पाइलाहरूलाई घिसार्दै पसलतिर गयो।

जब हरि पसलको ढोका अगाडि पुग्यो, एक छिन त टक्क उभियो। त्यहाँबाट ऊ भाग्न चाह्यो तर असल आत्माले उसलाई नभाग, भित्र जाऊ भनिरहेको थियो। तर खराब आत्माले "भाग भाग, कति मानिसहरू चोर्छन्। तिमी मात्र किन राम्रो हुन चाहेको?" भनेर हरिलाई खराब मानिस बनाउन उक्साइरहेको थियो। तर असल आत्मा ठीक थियो भनेर उसलाई थाहा थियो। असल आत्मालाई सुन्नु पर्छ भनेर पनि उसलाई थाहा थियो किनभने त्यही कुरा उसले चर्चमा र घरमा सिकेको थियो।

"बाबु भित्र आऊ! के भयो? किन चाँडै फर्केर आयौ? के तिम्रो हजुरआमाले केही विर्सनुभयो कि?" भनेर भित्रबाट साहुनीले मीठोसँग बोलाइन्।

साहुनीले माया गरेर बोलाएकीले उसलाई हौसला भयो र भित्र गयो। अनि साहुनीको अगाडी उभिएर हरिले भन्यो "हजुरआमाले त केही विर्सनु भएको छैन, तर मैले, मैले..."

"के भयो? तिमीले के गऱ्यौ? किन डराएको?" साहुनीले हरिको अनुहारलाई बुझेर सोधिन्।

"साहुनी मलाई माफ गर्नोस्। मैले तपाईंसँग नसोधी भोक लागेकोले अङ्गुर खाएँ। हजुरआमाले मैले पचास रूपैयाँको अङ्गुर खाएँ होला भनेर मैले जम्मा गरेको खुत्रुकेबाट पैसा ल्याएको छु। यो पैसा लिनुहोस् र मलाई माफ गर्नुहोस्।" भनेर एकै झट्कामा ती वाक्यहरू बोलेर पैसा साहुनीको अगाडि राखेर हरि खुरूरू ढोकातिर दगुऱ्यो।

हरिको त्यो इमान्दार हुन चाहेको व्यवहार देखेर साहुनी अत्यन्तै प्रभावित हुँदै उसलाई डाक्दै भनी "ए, बाबु यता आऊ त! तिमीले केही कुरा विर्स्यौ।" हरि, साहुनीतिर फेरि गयो। त्यहाँ साहुनीले हरिको हातमा एउटा कागजको पोको राखिदिइन्। "यो मेरो होइन" भनेर हरिले लिन हिचकिचायो।

"अब यो तिम्रो हो। जाऊ घरमा गएर खोल।" भन्दै साहुनीले रसिलो आँखा पार्दै हरिको हातमा पोको राखिदिएको उसले देख्यो।

हरि अत्यन्त खुशी भएर साहुनीलाई धन्यवाद दिँदै घरतिर दगुर्‍यो। हरि यस्तरी दगुरेर गयो कि घरमा पुग्दा आफू कसरी छिटो पुगेछु भन्ने यादै भएन।

"हजुरआमा! हजुरआमा! हेर्नुस् न! मलाई साहुनीले के दिनुभयो।" भन्दै हजुरआमाको हातमा पोको राखिदियो।

अत्यन्त खुशीभएर हजुरआमाले त्यो पोको खोलिन्। त्यस पोकोमा पचासै रूपैयाँ पर्ने जाम भएको दुईवटा मीठो डोनटहरू रहेछ।

"के तिमीले आफ्नो भुल सच्याउँदा रमाइलो लागेन? " हजुरआमाले हरिको गाला सुमसुम्याउँदै भनिन्।

"रमाइलो मात्र होइन, मीठो पनि लाग्यो!" भन्दै हजुरआमालाई पनि बाँड्दै हरिले डोनट खान थाल्यो।

"असल आत्माको आवाज सुन्न कहिल्यै पनि आनाकानी नगर्नु। तिमी सधैं खुशी रहनेछौ।" हरिलाई काखमा लिँदै हजुरआमाले भनिन्।

कथा ४ | कुकुरको छाउरा टिंकु

एक दिन स्कुलबाट फर्किंदै गर्दा एउटा छाउरा रमेशको पछि पछि लागेर आयो। रमेशले "नआऊ नआऊ" भन्दा पनि त्यो छाउरा मानेन र घरको आँगनसम्मै त्यो सानो कुकुरले उसलाई पछ्यायो। रमेश ढोका लगाएर भित्र पस्यो तर त्यो कुकुर भने ढोका बाहिर पुच्छर हल्लाएर क्वाईं क्वाईं कराइरहेको थियो। रमेशले आफ्नी बहिनी मायालाई डाकेर झ्यालबाट दुबैले त्यस कुकुरलाई हेरे। त्यो कुकुर सानो र चिटिक्क देखिन्थ्यो। कुकुर चलाख देखिन्थ्यो र असल जातको देखिन्थ्यो। दुई जना दाजु र बहिनी तल आंगनमा गए र छाउरालाई केही बिस्कुट पनि दिए। त्यो बिस्कुट खान पाएपछि त्यो कुकुर झन उफ्रिएर तिनीहरूसँग खेल्न थाल्यो। हुन त तिनीहरूसँग दुई ठूला ठूला कुकुरहरू पनि थिए। तैपनि त्यो सानो कुकुरको चञ्चले र मिल्ने स्वभाव देखेर तिनीहरूले त्यस छाउरालाई मन पराए। त्यस छाउरालाई आफैले पाल्ने भनेर दाजुबहिनीले निर्णय गरे। तर तिनीहरूले आफ्ना बुबालाई नसोधी त्यो छाउरालाई राख्न चाहँदैनथे। तिनीहरूले के गरौं के गरौं भनेर सोचिरहेको बेलामा तिनीहरूका बुबा आफ्नो कामबाट टुप्लुक्कै आइपुगे। "बुबा बुबा, यो छाउरा कस्तो रमाइलो देखिन्छ। हामीले नै यसलाई राखौं हुन्न र?" रमेशले बुबालाई सोध्यो।

"यस्तो राम्रो कुकुरको बच्चा हाम्रो कुनै छिमेकीको होला। हामीसँग दुई वटा कुकुरहरू छँदैछन्। अर्को कुकुर पाल्न गाऱ्हो हुन्छ। यसलाई नपालौं बरू कसको हो सोधेर यो छाउराको मालिकलाई फिर्ता देऊ" बुबाले तिनीहरूलाई सम्झाउन खोजे।

अँध्यारो अनुहार पार्दै रमेश र माया कुकुरलाई बोकेर छिमेकीहरूकहाँ गए। एउटा छिमेकीकहाँ गए र "यो कुकुर तपाईंको हो?" भनेर सोधे। तर ती छिमेकीले होइन भने। त्यसरी तिनीहरू एक छिमेकीपछि अर्को छिमेकीकहाँ गएर कुकुरलाई देखाउँदै "तपाईंहरूको हो कि?" भन्दै रमेश र मायाले सोधे। कसैले पनि त्यस कुकुरको बच्चालाई आफ्नो भनेनन्। तिनीहरूले कुकुरलाई बाटोमा त्यसै छोड्न सकेनन् र तिनीहरूले फेरि त्यो छाउरालाई आफ्नै घरमा ल्याए।

कुकुरलाई घरभित्र नै लगेर आफ्ना बुबालाई रमेश र मायाले मीठो बोलीमा भने, "बुबा, यो कुकुर त हाम्रो कुनै छिमेकीको पनि होइन रहेछ। यो बाटोमा कताबाट आएको हो, हामीलाई थाहा छैन। यसलाई बस्ने ठाउँ चाहिएको छ। हामीले नै यसलाई राखौं है?"

चित्रः आलद्रीना श्रेष्ठ, उमेर १० वर्ष

"यसलाई हुर्काउन पैसा लाग्छ, र फेरि हामीसँग दुईवटा कुकुर छँदैछन् नि" बहाना बनाउँदै नयाँ कुकुरलाई पाल्न बाबुले आनकानी गरे।

"त्यसो नभन्नुहोस् न बुबा, यो कुकुर सानै छ। यसलाई हुर्काउन धेरै खर्च लाग्दैन होला" मायाले भनिन्।

"ल त, एक हप्तासम्म यसलाई पालेर हेर। कसैले लिन आए भने फर्काउनुपर्छ" रमेश र मायाले जिद्धि गरेपछि बाबुले भने।

बाबुले हुन्छ भनेपछि दाजुबहिनी दुवै जना खुशी भए। तिनीहरूलाई थाहा थियो त्यस कुकुरलाई लिन कोही आउँदैन र तिनीहरूकै हुन्छ। तिनीहरू खुशी भएको देखेर कुकुर पनि तिनीहरूलाई बुझे जस्तो गरेर उफ्रिन थाल्यो। कुकुरलाई तिनीहरू दुवै जना मिलेर नुहाइ दिए र भुईं भान्सा कोठाबाट बाहिर भरेङ्गनिर एउटा सानो ठाउँ बनाएर त्यसलाई राखे।

एउटा रिकापी र एउटा कचौरा खोजेर रमेश र मायाले कुकुरको सामु राखिदिए। तिनीहरूले आफ्नो भागको दुध र भात अलिकति त्यस कुकुरलाई पनि दिन थाले। आफ्ना बुबाले नयाँ पाहुना कुकुरको लागि धेरै खर्च नभएको देखोस् भनेर तिनीहरूले देखाउन चाहेका थिए। कुकुर दिनभरि कोठामा हुन्थ्यो तर रमेश र माया स्कुलबाट फर्केर आएपछि आफ्ना बारीमा लान्थे र त्यससँग खेल्थे।

एक दिन कुकुरले दूध पिइरहेको बेलामा उसको खुट्टा कचौरामा ठोकिन पुग्यो र दूध घोप्ट्यायो। रमेशले रिसाएर "दूध किन पोखाएको, अबदेखि त्यसो नगर" भनेर गाली गऱ्यो। कुकुरले पनि बुझेको जस्तै गरेर शिर निहुराएर भुईंमा बसेर पुच्छर हल्लायो मानौं उसले रमेशको गालीलाई बुझेको थियो।त्यस कुकुरले पनि आफ्नो नाउँ जानेर दाजुबहिनीले बोलाउँदा पुच्छर हल्लाउँदै तिनीहरूकहाँ सुमसुम्याइ माग्न आउँथ्यो।

चित्रः प्रकृति तामाङ्ग, उमेर ७ वर्ष

एक दिन दुई दिन हुँदै हप्ता दिन बितेको रमेश र मायाले थाहै पाएनन्। हप्ता दिन बितेको भोलिपल्ट रमेश र मायाले अब त्यो कुकुर हुन्छ भन्ने थाहा पाएर खुशी भए किनभने तिनीहरू टिँकुलाई असाध्यै मनपराउन थालेका थिए र कसैले आएर "यो कुकुर मेरो हो" नभनोस् भनेर परमेश्वरसँग मनमनै बिन्ति गर्दथे। तर बाबुलेचाहीँ बेवारिसे कुकुरलाई पाल्न पटक्कै मन पराएका थिएनन्।

एक रात बेलुकाको खाना खाएपछि सबै जना सुत्न गए। बाबु आफ्नो कोठामा सुत्न गए भने रमेश र माया पनि आफ्नै कोठामा सधैं झैं सुत्न गए। कुकुर पनि दूध भात खाएर आफ्नो ओछ्यानमा सुत्न पस्यो।

राती अचानक भान्सा कोठाबाट केही गन्ध आइरहेको टिँकुले थाहा पायो। त्यो कुनै अनौठो गन्ध थियो। त्यस्तो चर्को गन्ध भान्सा कोठाबाट कहिल्यै पनि आएको त्यस कुकुरलाई थाहा थिएन। टिँकुलाई उसको मगजले केही न केही भइरहेको छ र मालिकलाई उठाऊँ भनेर घचघच्याइरहेको थियो। कुकुर छटपटाउन थाल्यो र भुक्न थाल्यो।

उसको सुरूको भुकाईलाई कसैले वास्ता गरेनन्। बाबु त बिउँझे तर दिनभरी काम गरेर थाकेकोले भुकेको कुकुरदेखि रिसाउन पो थालेका थिए।

तर भान्सा कोठाबाट गन्ध मात्र होइन धुवाँ पनि आइरहेको थियो। त्यो थाहा पाएर टिंकु झन चर्को स्वरले भुक्न थाल्यो।

"यो छाडा कुकुरले मलाई सुत्न पनि दिएनन्" भन्दै रिसले जुर्मुराउँदै बुबा आफ्नो कोठाबाट कुकुरलाई गाली गर्न निस्के। तब उनले अचानक भान्सा कोठाबाट केही जलेको गन्ध आइरहेको थाहा पाए र कोठाबाट बाहिर धुवाँ पनि आइरहेको देखे।



चित्रः आलद्रीना श्रेष्ठ, उमेर १० वर्ष

बाबुले हत्तपत्त भान्साको ढोका खोल्दा त कोठामा दाउरा जलिरहेको थियो र कोठा पूरै धुवाँले भरिएको थियो। बुबाले बाथरूममा गएर बाल्टिनबाट पानी ल्याए र आगो निभाउन थाले। कुकुर पनि बेस्सरी भुकिरहेको थियो। त्यहाँ भएको हल्लिखल्लीले रमेश र मायालाई पनि

बिउँतायो। तिनीहरू पनि आफ्ना कोठाबाट निस्के र भान्सा धुवाँले भरिएको देखेर झस्के। तिनीहरूले पनि आगो निभाउन आफ्नो बाबुलाई सघाउन पुगे। तिनै जनाको प्रयासपछि भान्साको आगो निभाउन सफल भए। झ्याल खोलेर धुवाँ बाहिर निकाले। भान्सा कोठामा सबै ठीक छ भनेर थाहा पाएपछि त्यसको बाहिर रहेको टिँकुलाई सुमसुम्याउँदै बाबु र दाजुबहिनी फेरि सुत्न गए।

भोलिपल्ट कुकुरले अत्यन्त गजबको मीठो खाना खान पायो। सबै जना टिँकुको सामु झुमे र माया गर्न थाले। टिँकुले पनि आफ्नो घरको मालिकहरूलाई ठूलो दुर्घट्ना टारेकोले आफूले इनाम पाएको महसुस गऱ्यो।

"यो कुकुर कस्तो लछिनको रहेछ। सानो भएर पनि यस्तो चलाख रहेछ भनेर मलाई थाहा नै थिएन। लौ, यसलाई अब हामी सबैले पालेर राखौँ" बाबुले रमेश र मायालाई खुशी हुँदै भने।

"हो, बुबा, यदि टिँकु हाम्रो साथमा नभएको भए हाम्रो घर के हुन्थ्यो होला?" भन्दै कुकुरलाई काखमा लिएर बाबुले उसलाई पाल्न अनुमति दिएकोमा दुवै दाजुबहिनी दङ्ग परे।

कथा ५ | रमिलाको आशा

पुष महिनाको जाडो। बिहानको घाम पनि धेरै अबेर भएपछिमात्र आउँथ्यो। गाउँभरि कुहिरोले ढाकिहरन्थ्यो। कोहि बालबालिका पनि हत्तपत्त बाहिर खेल्न जान चाहँदैनथे। स्कुलमा जाडो महिनाको बिदा थियो। बालबालिकाहरू प्रायजसो बिहान अबेरसम्म सिरकमा गुटमुटिएर बस्दथे। आमाले नबोलाइकन ओछ्यानबाट कोही निस्कदैनथे।

स्कुल जाने दिन भएको भए शर्मिला र रमिला बिहानैं उठेर मुखसुख धोएर रेडि हुन्थे। एक दिन बिदाको फाइदा उठाएर दिदीबहिनी सिरकभित्रै सुतेर आमाले नबोलाउञ्जेल गफ गरेर बसेका थिए। गफैगफमा येशूको जन्मोउत्सबको दिनको कुरा चल्यो। तिनीहरूलाई थाहा भयो क्रिस्टमस आउन त दुई हप्तामात्रै बाँकी छ। त्यो दिन चर्चमा बिभिन्न कार्यक्रमहरू गरि कसरी रमाइलो गर्ने भनेर गफ चलेको थियो। तिनीहरू सानै भएतापनि तिनीहरू चर्चको बाल कार्यक्रमहरूमा भाग लिइरहन्थे। बालकार्यक्रम चलाउने अगुवा तिनीहरूभन्दा ठूलो भएतापनि तिनीहरूको कुरा सुन्दथे। त्यसकारण क्रिस्टमसको बेलामा हुने बालकार्यक्रममा आफ्ना अगुवाहरूलाई के के भन्ने भनेर तिनीहरू सिरकभित्र बसेर छलफल गर्दैथिए।

छलफल गर्दा गर्दै क्रिस्टमसमा लिनेदिने उपहारको बारेमा कुरा चल्यो। अघिल्लो क्रिस्टमसमा बुबाले गोप्यरूपमा रङ्गीन कागजमा पोको पारि के के दिनुभएको थियो, त्यसको बारेमा रमाइलो सम्झना तिनीहरूले गरे। यसपालि पनि तिनीहरूले बुबाबाट बडा दिनको उपहारमा के के पाइन्छ होला भनेर कल्पना गर्न थाले।

बडा दिन नजिकिँदै गर्दा तिनीहरू आफूलाई मनपर्ने चिजहरूको नाम कागजमा लेखेर बुबाको गोजीमा थाहा नपाउने गरि हालिदिन्थे। अनि बुबा पनि थाहा नै नपाएको जस्तो गरेर चुपचाप बस्नुहुन्थ्यो र बडादिनको दिनमा

तिनीहरूको चाहना र आवश्यकता अनुसार आफ्नो गच्छेले भ्याएसम्म उपहार स्वरुप तिनीहरूलाई दिनुहुन्थ्यो। यस समयमा पनि तिनीहरूले बुबाबाट के के उपहार पाउने होला भनेर सोच्न थालेका थिए।

चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

दिदी बहिनी मिलेर एउटा कागजमा यसपालिको क्रिस्टमसमा के के पाए हुन्थ्यो भनेर लेख्न थाले। शर्मिलालाई एउटा रङ्गको बाकस चाहिएको थियो भने रमिलाले आँखा झिमि झिमि गर्ने पुतली पाए हुन्थ्यो भनेर लेखिन्। शर्मिलाले पुतली खेलाउने दराज पनि चाहना गरेर लेखिन् भने रमिलाले एउटा साइकल पाए हुन्थ्यो भनेर लेखिन्। त्यसरी नै तिनीहरूले अरू अरू मन परेको चिजहरूको सूची बनाए र कागज खाममा हाले।

"बुबाले ती सबै कुरा किन्न सक्नु हुन्न होला" भनेर रमिलाले भनिन्।

"सबै नदिनुभएतापनि दिन सक्ने त दिनु होला नि!" शर्मिलाले जवाफ दिइन्।दुवै जनाले आफूले मन पराएको उपहारहरू पाउन दुई खामहरूमा आफूहरूले लेखेको कागजका पानाहरू हाले। अनि बाबुको लुगा झुन्ड्याउने ठाउँमा गए र कोट खोज्न थाले। तर शर्मिला एक छिन टक्क अडिइन्।

"के भो दिदी" रमिलाले अकमक्क परेर सोधिन्।

"हामीले त आफ्नोलागि मात्र मागेको जस्तो लाग्यो।मलाई नरमाइलो लाग्यो।" शर्मिलाले जवाफ दिइन्।

"हो र?" रमिलाले फेरि सोधिन्।

"त्यस चिठीमा तिम्रो र मेरो मात्र नाउँ छ। अरू कसैको छैन।" अनुहार बङ्ग्याएर शर्मिलाले भनिन्।

"त्यसो भए अर्को चिठी लेख्ने कि, त्यसमा अरूको नाउँ थप्ने?" रमिलाले असजिलो मानेर सोधिन्।

"हामीले जस्तो हाम्रो छिमेकीमा भएको अरू गरिब साथीहरूले पनि उपहार पाउन् भनि थपौँ" भनेर शर्मिलाले भनिन्। त्यसमा हुन्छ भनेर रमिलाले भनिन् र त्यसै अनुसार लेखेर खाम बन्द गरिन् र बाबुको कोटमा सुटुक्क त्यो पत्र शर्मिलाले हालिन्।

क्रिस्टमसको दिनको लागि तिनीहरू दिन गन्दै पर्खेर बस्न थाले। एक दिन दुई दिन भन्दा भन्दै बडादिनको समय पनि आयो। घरमा येशूको जन्मको उत्सब मनाउन चहल पहल भयो। अघिल्लो रात क्रिस्टसम रुखको मुनि खालि थियो। तिनीहरूलाई थाहा थियो भोलि बडादिनको समय छ। त्यस रूखमुनि उपहारका पोकाहरू थुप्रिनेछन्। अनि त्यो रात तिनीहरूले के के पाइएला ! भनेर कल्पना गर्दै शर्मिला र रमिला सुते।

बडादिनको बिहान सबै जना सबेरै उठे। शर्मिला र रमिला बैठकमा भएको क्रिस्टमस रूखनेर गए। आमाबाबु पनि स्लिपिङ ड्रेसमा नै आए। त्यहाँ रूख मुनि बिभिन्न उपहारहरू रङ्गीचङ्गी पोकोमा थिए। बुबाले एक एक

गरेर पोको खोले र उपहारहरू बाँड्न थाले। आमाले जाडो मौसमको निम्ति एउटा नयाँ स्वेटर पाउनुभयो। शर्मिलाले उनले चाहेको जस्तै रङ्गको बाकस पाइन् र साथै पुतली खेल्ने दराज पनि पाइन्। रमिलाले पनि उनले चाहेको जस्तै पुतली पाइन् र अत्यन्त खुशी भइन्। तिनीहरूले मीठा मीठा चकलेटहरू पनि पाए। सबै जना बडादिनको गीत गाउँदै येशूको जन्मको कथा पढेर प्रार्थना गर्दै डिसेम्बर २५ तारिखको दिन शर्मिला र रमिलाको परिवारले खुशियाली मनाए।

चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

चर्चमा बालसङ्गति पनि रमाइलोसँगै मनाइयो। बालबालिकाहरूले बिभिन्न उपहारहरू पनि पाए। सबै जना खुशी थिए।

क्रिस्टमसको बेलुकी शर्मिला र रमिला र अरू विश्वासीहरूको घरमा झिलिमिलि बत्तीहरू थिए। तर शर्मिला र रमिलाको छिमेकीको एउटा घरमा

झिलिमिली बत्तीहरू थिएनन्। त्यस घरमा रमिलाको एउटा साथी थिइ जो गरिब थिइ र येशूलाई विश्वास नगरेको कारण चर्चमा आउँदैनथी। उनको बुबा थिएनन् तर आमामात्रै थिइन् जो दिनभरी भारी बोकेर आफ्नो र आफ्नो छोरो र छोरीको निम्ति खर्च टार्थिन्। तिनीहरूको निम्ति क्रिस्टमसको रमाइलो त केवल कथा जस्तै थियो। यता शर्मिला र रमिलाको बुबाको राम्रो जागिर थियो र खाने कुरामा अभाव थिएन। ती दिदिबहिनीहरूलाई गरिब हुनु भनेको के हो थाहा थिएन। तैपनि येशूको प्रेमको कथाले तिनीहरूको मन छोएको थियो। येशूकी माता मरियम र बुबा युशुफ गरिब भएको कारणले तिनीहरूले कसैको घरमा बास पाएका थिएनन् र कुनै होटलमा ठाउँ पनि थिएन भनेर तिनीहरूले सिकेका थिए। मरियम बालक जन्माउने व्यथाले छटपटिँदा गोठमा तिनीहरू पस्निन पुगेका थिए र त्यहि त्यस रात बालक येशूको जन्म भएको थियो।

कता कता रमिलाको साथी गीताको अवस्था देखेर उनको मनमा दया जागेर आयो। रमिलालाई थाहा थियो क्रिस्टमसमा गीताले केही पाएकी थिइन न त कसैले उनलाई भोजमा बोलाएको थियो। गीता र उनकी आमा चर्चमा नआएतापनि तिनीहरूलाई पनि त परमेश्वरले माया गर्नुहुन्छ होला भनेर रमिलाले सोचिन्। अनि त्यही कुरो आफ्नो दिदी शर्मिलालाई पनि पोखाइन्। दुवै दिदी बहिनी एक छिन त अकमक्क परे। आफूहरूको कति खेलौना र कति उपहारहरू थिए तर गीतासँग केही पनि थिएन। अब के गर्ने भनेर तिनीहरूले सोच्न थाले। तर त्यसबेला तिनीहरूको दिमागमा बालकार्यक्रममा गरिने मेमोरी भर्स अर्थात् कण्ठ गर्ने यउटा पदको याद आयो "साना भन्दा साना मेरा भाइलाई गरेको मलाई नै गरेको हो।"

बेलुकी पख थियो। शर्मिला र रमिलाले आफ्नो घरको झ्यालबाट बाहिर हेरे। त्यहाँ गीता झ्यालबाट न्याउरो अनुहार लगाएर बाहिर चहलपहल भएको साथीहरूको घर हेरिरहेकी थिइन्। शर्मिला र रमिलाको आँखा

गीतामाथि पऱ्यो। त्यसबेला तिनीहरूलाई गीता होइन येशूलाई पो देखेको जस्तो भयो। त्यतिमात्र नभएर मानौं गीताको मुखबाट "तिमीले मलाई के दियौ?" भन्ने येशूको आवाज ती दिदीबहिनीहरूले सुनिरहेको जस्तो लाग्यो। दुवै जना एक छिन त चुपचाप भए। अनि तिनीहरू दुवै जना आ-आफ्नो कोठामा केही नबोलि गए। रमिलाले आफूले पाएको पुतली बोकिन् र शर्मिलाले आफूले पाएको पुतलीको दराज बोकिन्। तिनीहरू एकछिन त मुखामुख गरे र भने "हेर, हामी कति भाग्यमानी छौं। हामीसँग सबै थोक छ तर गीतासँग केही पनि छैन। जाऔं, हामीले मन परेको चिज गीतालाई देऔं र उनलाई खुशी पारौं। उनलाई खुशी पार्दा हामीले माया गर्ने येशू पनि पक्कै खुशी हुनुहुनेछ।" शर्मिलाले रमिलालाई भनिन्।

रमिलाले पनि शर्मिलासँग हो हो भन्दै सहमति दिइन्। अनि तिनीहरू आफ्ना आमाबाबुलाई केही नभनी बेलुकी सुटुक्क घरबाट निस्के। तिनीहरूको हातमा तिनीहरूले पाएको अत्यन्त मन पर्ने उपहारहरू थिए। तिनीहरू गीताको घरमुनि गएर गीतालाई तल आउन भने। गीता पनि आफ्ना साथीहरू आएकोमा खुशीभएर तल आइन्। अनि उनलाई चकित पारेर शर्मिला र रमिलाले उनको हातमा उपहारहरू राखि दिए र भने "मेरी क्रिस्टमस"। "यो के हो? यो मलाई?" छक्क पर्दै गीताले शर्मिला र रमिलालाई सोधिन्। "हो, आज येशू जन्मनुभएको दिनको सम्झना गर्दैछौं। उहाँ हाम्रोनिम्ति परमेश्वरले धेरै मनपराउनुभएको ठूलो उपहार हुनुहुन्थ्यो। तिमीलाई पनि हामीले मन पर्ने उपहार दिँदैछौं। तिमीलाई हामी माया गर्छौं। आजको दिन रमाइलो होऊ ल! बाइ।" भन्दै शर्मिला र रमिला घरमा फर्के। गीता एक छिन् त अकमक परिन् र उनले शर्मिला र रमिलालाई धन्यवाद भन्न नपाउँदै तिनीहरू घरमा पुगेर भित्र पसिसकेका थिए। त्यो रात तिनीहरूले आफ्नो साथीलाई खुशी पार्न पाएकोमा परमेश्वरलाई धन्यवाद दिँदै आरामसँग सुते।

कथा ६ | आगो निभाउने साहसिला दाजुभाइ

एउटा गाउँमा भरत र लक्ष्मण नाउँ गरेका दुई दाजुभाइहरू थिए। तिनीहरूको शर्मिला नाउँ गरेकी दिदी पनि थिइन्। तिनीहरूका बुबा आमाले तिनीहरूलाई धेरै माया गर्थे। तिनीहरू ज्ञानी थिए र घरको काममा खुशी भएर सघाउँथे। दिदी शर्मिला गाउँबाट अलि टाढा कलेज जान्थी भने दाजुभाइ गाउँ नजिकको स्कुलमा जान्थे।

त्यो परिवार बसेको गाउँ ठूलो थियो। त्यो गाउँ सम्म थियो। घरहरू टाढा टाढा सम्म थिए। तिनीहरूको खेतबारी धेरै थियो। तिनीहरूको खेतको पल्लो छेउमा नदी थियो।

नौ वर्षको लक्ष्मण र छ वर्षको भरतको परिवार रमाइलो परिवार भएतापनि प्रायजसो सबैलाई आउने कुनै न कुनै किसिमको दुःख तिनीहरूलाई पनि आउनुमा अचम्मको कुरा थिएन। तर एक दिन तिनीहरूलाई अचानक आइपरेको दुःखसँग तिनीहरू कसरी लडे त्यसले ती दुई दाजुभाइ कतिको ज्ञानी अर्थात् भनेको कुरा तुरन्त मान्ने आज्ञाकारी थिए भनेर देखाइएको थियो।

गर्मीको समय थियो। खेतबारी सुख्खा थिए। बाबु कामको निम्ति घरबाट धेरै टाढा गएका थिए। केही महिना अघि आमा भरेङ्गबाट खसेर खुट्टा भाँचिएको थियो। उनी लठ्ठीको सहाराले यताउति जान्थिन्।

एक दिन दिउँसोको कुरो हो। दुवै दाजुभाइ स्कुलमा नगएर ओछ्यानमै पल्टि रहेका थिए किनभने तिनीहरूलाई ठेउला रोग लागेको थियो र त्यो निको हुँदै थियो। दिदी शर्मिला कलेजमा गएकी थिइन्। ओछ्यानमै बसिरहनुपर्दा तिनीहरूलाई नियास्रो पनि लागेको थियो। बिरामी भएकोले तिनीहरू बाहिर कतै गएर साथीहरूसँग खेल्न पनि सक्दैनथे। ती दाजुभाइ कोठामा नै किताबहरू पढेर बसिरहेका थिए।

भरतले कोठाको झ्यालबाट अचानक धुवाँ आइरहेको देख्यो। त्यो धुवाँ घरको पछाडिबाट आइरहेको थियो।

"ए लक्ष्मण हेर धुवाँ आइरहेको! घरको पछाडि केही बलिरहेको छ कि के हो?" भनेर भरतले आफ्नो भाइलाई उठाएर भन्यो। दिदीले बिहानको खाना खाइसकेपछि चुलोको खरानीलाई फोहर फाल्ने ठाउँमा राखेको ती दाजुभाइले सम्झे। दिदीलाई कलेज जान हतार भएकोले तातो खरानी पानी नहाली त्यसै छोडेर गएकी थिइ। त्यो खरानीमा भएको आगो सल्केर नजिकको सुकेको घाँसहरू बलिरहको थियो।

चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

ती दाजुभाइ आत्तिएर "आगो! आगो! भन्दै चिच्याए।

"कहाँ आगो लाग्यो?" भनेर आमा लठ्ठीको सहाराले लरबराउँदै अर्को कोठाबाट निस्किइन्।

"आमा हेर्नुहोस् न! घरको पछाडिबाट आगो आइरहेको छ। त्यहाँ त धुवाँ नै धुवाँ भएको छ। अब के गर्ने?" भनेर ती दुई दाजुभाइ अत्तालिन थाले।

बिचरा आमालाई पनि के गरूँ नगरू जस्तो भयो। आफ्ना छिमेकीहरू धेरै टाढा टाढा थिए। कसैलाई बोलाउन उनमा तागत थिएन। यदि त्यो आगोलाई तुरन्त ननिभाएनमा सबै घर जल्न सक्थ्यो।

घरको आँगनमा आमा सकिनसकी उभिइन्। आफूले केही गर्न सक्ने अवस्थामा उनी थिइनन्। त्यसबेला दाजुभाइ पनि आफ्नो कोठाबाट बाहिर निस्किसकेका थिए।

"ए भरत, ए लक्ष्मण, जाऊ जाऊ बाल्टिनमा कलको पानी थापेर ल्याऊ र आगोमा खन्याऊ" आमाले तुरन्तै तिनीहरूलाई अन्हाइन्।

चित्रः ईमेज कुमार साह, उमेर १० वर्ष

"हुन्छ" भन्दै घरबाट अलि टाडा रहेको कलबाट पानी ल्याउन दुवै दाजुभाइ कुदे। छिटो छिटो गएर ती दाजुभाइले कलबाट पानी ल्याएर त्यस आगोमा खन्याउन थाले। आगो दनदन बलिरहेको थियो। बिरामीले थाकेका ती दाजुभाइलाई आगो निभाउन अत्यन्त गान्हो भइरहेको थियो। तैपनि तिनीहरू दगुरादगुर र हस्याङ्गफस्याङ्ग गर्दै पानी ल्याउँदै आगोमा खनाउन थाले।

"ए! ए! ' ल डिजेलको ड्रम सार, सार" भनेर आमाले तिनीहरूलाई चिच्याएर भनिन्। बाबुले ट्रेक्टर चलाउन चाहिने डिजेलको सानो ड्रम घरकै पछाडि राख्नुभएको थियो। यदि त्यसमा आगो लागेको भए झन सबै थोक खतम हुन्थ्यो।

चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

थाकिसकेका भरत र लक्ष्मणले मनमनै प्रार्थना गर्दै बाल्टिन भुईंमा राखे र ग्यासको ड्रम बचाउनतिर लागे। त्यसलाई घिसार्दै आगोले नछुने ठाउँमा

पर राख्न सफल भए। फेरि तिनीहरू आगो निभाउने तरखरमा लागे। त्यो आगो सल्किन्दै सल्किन्दै खेततिर फैलिन थाल्यो तर अचानक हुरी आयो र त्यो आगो नदीतिर हुरीले लग्न थाल्यो। यता घरको पछाडि बलेको आगो ती दुई दाजुभाइको प्रयासले निभिसकेको थियो। तर ती भरत र लक्ष्मण थाकेर घरकै आँगनमा ढले।

बेलुकी पख बुबा घरमा आउँदा बुबाले आमाको मुखबाट ती दुई दाजुभाइको साहसिलो कामको बारेमा सुने। बिरामी भएर कमजोर भएतापनि आपत परेको बेलामा दुवै जना मिलेर आगोसँग लड्न सफल भएकोमा तिनीहरूप्रति बाबु अत्यन्त खुशी भए। दुबै जनालाई काखमा लिएर बाबुले तिनीहरूलाई भने, "भरत, लक्ष्मण, तिमीहरूदेखि मलाई धेरै गर्व लाग्छ। तिमीहरू दुवै मिलेर आगो निभाउन सफल भयौ जसले गर्दा हामीहरूको घर बच्यो। तिमीहरूलाई धेरै धन्यवाद।"

"हो, बुबा, हामी थाकेका थियौं। परमेश्वरसँग प्रार्थना गऱ्यौं। उहाँले हामीलाई बल दिनुभयो र आगो निभाउन सक्यौं।" भरत र लक्ष्मणले एकै साथ भने।

"हो, बाबुहरू, तिमीहरूको जीवनमा अरूले नराम्रो कुरा भनेर तिमीहरूलाई आगोले जस्तै पोल्न सक्छ तर तिमी दुवै जना मिलेर त्यससँग लड्न कोशिश गर ल!" बाबुले अर्ती दिँदै तिनीहरूलाई भन्नुभयो।

त्यस दिन बेलुका आमा र दिदी मिलेर धेरै मिठो खाना पकाए र परमेश्वरलाई धन्यवाद दिँदै तिनीहरूलेरमाइलो साँझ बिताए।

कथा ७ | दुई रमिला

भाइबहिनीहरू हो! अहिले म रमिलाको कथा भन्न गइरहेको छु। रमिला आठ बर्षकी थिइन्। उनी असाध्यै राम्री र हिसी परेकी थिइन्। उनको कपाल लामो थियो र उनका आँखाहरू आकर्षक खालका ठूला ठूला थिए। स्कुल जानुभन्दा अघि तिनी धेरै समय लगाएर आफूलाई राम्री पार्थिन् र नक्कली भएर स्कुल जान्थिन्। स्कुल जाने बेलामा उनी कुनै हँसिलो परी जस्तै देखिन्थिन्। बाटोमा सबैले "कस्ती राम्री केटी" भनेर पुलुक्क पुलुक्क हेर्थे मानौं उनी जस्ती राम्री र ज्ञानी केटी गाउँमा अरू कोही छैनन्।

तर रमिलाको स्वभावमा एउटा समस्या थियो। रमिला एकै व्यक्ति भएतापनि उनमा दुई किसिमका स्वभाव थिए। घरको रमिला र स्कुलको रमिला फरक थियो। बिहान जब स्कुलको निम्ति रमिला घरबाट निस्कन्थिन् तब उनले घरको रमिला घरमै छोडेर जान्थिन् र स्कुलभरि स्कुलकी रमिला भएर घर फर्केपछि घरकी रमिला हुन्थिन्।

घरकी रमिला स्कुलकी रमिला भन्दा ठीक उल्टो थिइन्। स्कुलबाट आउने बित्तिक्कै उनको अनुहार बदलिन्थ्यो। उनी रिसायकि जस्ती देखिन्थिन्। आफ्नो किताबको व्याग कोठामा फ्याँकेर बाहिर खेल्न जान्थिन्। आमाले व्याग राम्रोसँग राख भने पनि उनी मान्दिनथिन्। आमालाई सघाउन

त पटक्कै मन पराउँदनथिन्। तर स्कुलमा भने उनी परी जस्तै थिइन्। क्लासमा साथीभाइहरूलाई सघाउँथिन्। गुरूआमाको टेबुल सफा गरिदिन्थिन् र लेख्ने बोर्ड पनि सफा गर्थिन। स्कुलमा सबैले उनी कस्तो ज्ञानी भनेर प्रशंसा गर्थे।गुरूआमाले उनलाई आफ्नै छोरी जस्तै माया गर्नुहुन्थ्यो। रमिलाले बेला बेलामा गुरूआमालाई सुन्दर फूलहरू ल्याइ दिएर उनलाई मख्ख पार्थिन्। उनी मिलनसार भएकीले सबैको निम्ति स्कुलकै प्यारी विद्यार्थी थिइन्। तर स्कुलमा कसैलाई पनि घरकी रमिलाको बारेमा थाहा थिएन।

रमिलाको स्वभाव आमालाई राम्रोसँग थाहा थियो। यदि रमिलामा दुइ वटा स्वभाव रहिरह्यो भने पछि के हुने होला भनेर आमाले चिन्ता गर्नुहुन्थ्यो। रमिलालाई आमाले जति सम्झाएपनि उनी मुख अँध्यारो पारेर बस्थिन्। आमा उनको दुई खालको बानीलाई सुधार्न चाहनुहुन्थ्यो।

एक दिन स्कुलबाट एक जना पाहुना रमिलाको घरमा आउनुभयो। स्कुलमा अभिभावकको सभाको निम्ति छलफल गर्न उहाँ आउनुभएको थियो र त्यसैबेला रमिलाकी आमाले उनलाई खानको निम्ति पनि अनुरोध गर्नुभयो।

रमिलाकी आमाले त्यस पाहुनालाई भन्नुभयो, "तपाईं बैठकमा बस्दै गर्नुहोस्। मेरो टेबुलमा बसेर के के गर्ने हो लेख्नुहोस्। म भान्साबाटै तपाईंसँग कुरा गर्छु। खाना खाएपछि हामी फेरि कुराकानी गरौंला। भान्सा कोठा र बैठक कोठाको ढोका म खुल्लै राख्छु।"

रमिलाकी आमाले भनेकै जस्तै पाहुना बैठकमा जानुभयो र टेबुलमा बसेर लेख्न थाल्नुभयो।

केही बेरपछि रमिला स्कुलको अनुहार छोडेर घरकी अनुहार लिएर घरमा ढ्वाङ्ग-ढ्वाङ्ग गर्दै ढोका खोलेर भित्र पसिन् र आफ्नो झोला कोठामा राखेर बाहिर जान लागिन्। उनी बाहिर जानुभन्दा पहिले आमाले उनलाई बोलाएर भन्नुभयो, "रमिला, अलिकति पसल गइदेऊ न। के के ल्याउने भनेर मैले कागजमा लेखिसकेकी छु। पैसा पनि यही छ।"

"आ, म थाकेकी छु। म जान्न" भन्दै रमिला झनक्क रिसाइन्।तर आमाले कर गरेपछि पसल जानै पर्ने भयो। मन नलागि नलागि खुट्टा घिसार्दै उनी पसलमा गइन्।

एक छिन पछि ढोका ढ्वाङ्ग पार्दै रमिला भान्सामा आइन् र रिसाउँदै भनिन्, "ल, तपाईंको सामान।" सामान भुईंमा फाल्दै उनी खेल्न बाहिर निस्किइन्।

"मलाई एक छिन सघाइ देउ न। म थाकेकी छु।" आमाले रमिलालाई अनुरोध गर्नुभयो।

"म पनि थाकेकी छु।" भनेर रमिलाले आमासँग मुखा मुख गरिन्।

"कमसेकम भान्सामा कुचो त लाइदेऊ।" आमाले फेरि अन्हाउनुभयो।

"मलाई कुचो लाउन मन लाग्दैन।" आफू पन्छिन खोज्दै भनिन्।

"अहिले मलाई तिमीले मद्दत गर्नै पर्छ।" आमाले अडिग भएर उनलाई भनिन्।

"थालहरू दराजबाट निकाल" आमाले अन्हाउनुभयो। दुई वटा थालहरू झट्ट निकालेर ढोकालाई ढ्याङ्ग गरेर रमिला बाहिर निस्किइन्।

"ए रमिला अहिले नजाऊ। खाना खाएपछि जाऊ। हामीसँग एक जना पाहुना आउनुभएको छ। उहाँसँग खाना खाएपछि र कुरा गरेपछि मात्र तिमी खेल्न जाऊ।" आमाले फेरि बोलाउँदै भन्नुभयो।

पाहुना भन्ने बित्तिक्कै रमिला झसङ्ग भइन्। उनी यताउति हेर्न थालिन्। भान्सा र बैठकको ढोकाहरू खुलै थियो।"पाहुना बैठकमा हुनुहुन्छ, उहाँलाई खान भान्सामा बोलाऊ।" आफ्नी छोरीको ताल देखेर रिस उठेपनि नरम भएर आमाले भन्नुभयो।

"आमा।" रमिलाको स्वरमा अचानक परिवर्तन आयो।

"पहिला म कुचो लाउँछु। पहिला थालहरू ठीक पार्छु।" स्कुलको रमिला भित्र्याउन खोज्दै मीठो स्वरले भनिन्।

"भो, भो, मै गर्छु। ढिलो भइसक्यो। अघि नै मैले तिमीलाई कुचो लाइदेऊ भनेकी थिएँ। जाऊ, पाहुनालाई बोलाऊ। उहाँलाई धेरै बेर पर्खाइ राख्नुहुन्न।" आमाले अन्हाउनुभयो।

रमिला आफ्नो चालदेखि लाज मान्दै बैठकमा गइन् र पाहुनालाई बोलाइन्, "हजुरलाई, आमाले भान्सामा बोलाउनुभएको छ।"

जब पाहुनाले रमिलाको मुख हेर्नुभयो तब रमिलाको सातोपुत्लो गयो। उनको मुख अँध्यारो भयो। त्यो पाहुना उनकै मन पर्ने गुरू आमा हुनुहुन्थ्यो।

"रमिला!" गुरू आमाले मुख खोल्नुभयो।

"मीस, तपाईंले मैले गरेको कुरा सबै सुन्नुभयो?" आँसु झार्दै आँखा छोपेर रमिलाले लजाउँदै गुरूआमालाई सोधिन्।

"रमिला, तिमी त स्कुलको जस्तो रमिला घरमा रहिनछ्यौ। तिमीले आमासँग गरेको व्यवहारदेखि मलाई साऱ्है दुःख लाग्यो। तिमी कति राम्री छ्यौ भनेर मैले तिमीलाई माया गरेको थिएँ। तर तिमीले आमासँग नराम्रो व्यवहार गरेकोले मलाई साऱ्है चित्त दुख्यो।" गुरू आमाले दुःख मान्दै भन्नुभयो।

"मीस, अबदेखि म त्यस्तो हुन्न। स्कुलमा जस्तै आमालाई पनि माया गरेर सघाउँछु। मलाई माफ दिनुहोस्।" आँखाभरि आँसु झार्दै आफ्नो भुल स्वीकार गरिन् र आफू घरमा पनि स्कुलमा पनि एउटै रमिला हुने वचन दिइन्।

त्यस दिनदेखि दुई खालकी रमिला एउटै भइन्। घरमा पनि स्कुलमा पनि सबैले मन पर्ने भइन्।

कथा ८

मधु र रघु

एउटा गाउँमा एक जना श्याम प्रसाद नाम गरेको जमिन्दार थियो। श्याम प्रसाद धेरै धनी मानिस थियो। उसको धेरै जग्गा जमिन र बस्तुहरू थिए। उसको घर पनि गाउँका अरू घरहरूभन्दा ठूलो थियो। उसका नोकरचाकरहरू पनि थुप्रै थिए। गाउँका सबै मानिसहरूले उसलाई सम्मान गर्दथे।

उसका मधु र रघु नाउँ गरेक दुई छोराहरू थिए। तिनीहरू सानै हुँदा तिनीहरूका आमाको मृत्यु भएको थियो। तैपनि तिनीहरूको लालनपालनमा तिनीहरूका बुबा श्यामप्रसादले ध्यान पुऱ्याएको थियो। तिनीहरूलाई स्याहार्न दुई सुसारेहरू राखिएका थिए। हाँस्दै खेल्दै ती दुई दाजुभाइ घरको रमाइलो वातावरणमा हुर्कंदै गए। हुर्कंदै गरेका दाजु मधुले उसको बुबालाई खेतबारीमा सघाउँथ्यो तर भाई रघु भने गाउँका साथीहरूसँग खेली खेली हुर्किंदै गरेको थियो। बुबाले ती दुवै जनालाई उत्तिकै धेरै माया गर्थ्यो।

चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

जब मधु र रघु ठूलो भए तिनीहरूमा फरक स्वभाव देखा परेको देखियो। तिनीहरू दुवै जना गाउँको एउटा स्कूलमा पढ्थे। मधु मेहनती थियो भने रघु खेलेरमात्र दिन बिताउँथ्यो। रघुले घरको काममा र खेतबारीको काममा सघाउँदैनथ्यो। मधुको राम्रो पढ्ने बानीले गर्दा ऊ एसएलसीमा पास भयो तर रघुचाहीँ फेल भयो। आफू फेल भएकोले रघुलाई दिक्क लाग्यो र स्कूलमा नपढ्ने भनेर स्कूल पनि जान छोड्यो। बाबुले पनि कान्छो छोरो हो, कुनै दिन असल होला भनेर रघुलाई माया गर्न छोडेको थिएन।

साथीहरूसँगको भेटघाटमा रघुले टाढा सहरको रमाइलोबारे सुन्ने गर्थ्यो। आफ्ना छोराहरू नबिग्रियोस भनेर तिनीहरूको निम्ति बाबु श्यामले केही नियमहरू बनाएको थियो। ती नियमहरूमाः घरमा समयमा आउनु, रक्सी जाँड नपिउनु, जो पायो त्यसलाई साथी नबनाउनु र घरमा नहुल्नु, घरबाट केही टाढा बाहिर जानुपर्‍यो भने आफू कहाँ जाने हो सो भनेर जानु आदि। मधुलाई ती नियमहरूदेखि केही आपत्ति थिएन तर रघुलाई भने मन पर्दैनथ्यो। ती नियमहरूले गर्दा आफूले रमाइलो गर्न नपाउने भनेर रघुलाई झर्को लाग्थ्यो। उसका धेरै साथीहरू गाउँ छोडेर धेरै टाढा सहर गएको हुनाले ऊ पनि घर छोडेर जान पाए रमाइलो हुन्थ्यो होला भनेर मनमा कुरा खेलाउन थाल्यो।

तर एक दिन आफू घरबाट टाढा गएर पैसा कमाउने कुरा आफ्नो बाबुलाई रघुले भन्यो। तर घरबाट टाढा गएर आफू स्वतन्त्र हुन्छु र आफू खुशी रमाइलो गर्ने उसको भित्री चाहना थियो। सहरमा गए पछि कसैको “यो गर त्यो नगर" भन्ने कुराबाट अलग भएर आफ्नो मालिक आफै बन्ने उसको चाहना थियो।

“बुबा, मलाई यस गाउँमा बस्दा-बस्दा दिक्क लाग्यो। म सहरमा गएर पैसा कमाउन चाहन्छु। मेरो भागको अंश मलाई दिनुहोस्। म ठूलो

भइसकेँ। त्यो पैसा सहरमा लगेर लगानी गर्छु।" भनेर रघुले आफ्नो कुरा बाबुको सामु राख्यो।

आफ्नो छोराको त्यो चाहनाप्रति बुबालाई दुःख लाग्यो। उसलाई थाहा थियो कि रघु त्यस्तो काम गर्ने छोरो होइन। बरू सहरमा उसले दुःख पाउँछ।

"बाबु, त्यसो नभन। सहरमा तिमीले दुःख पाउँछौ। त्यहाँ धेरै नराम्रा कुराहरू छन्। तिमी सजिलैसँग हराउन सक्छौं र नराम्रो साथीहरूको संगतमा परेर बिग्रन सक्छौं।" बुबाले सम्झाउँदै भन्यो।

बुबाले नाईं भनेको रघुलाई मन परेन। त्यो दिन ऊ चुपचाप भए पनि अर्को दिन फेरि पनि त्यही कुरा बाबुलाई भन्यो। दिन दिनै कचकच गरेपछि, बाबुको केही लागेन। आखिरमा माल अड्डामा गएर सबै सम्पत्ति तीन भाग लगाए। जेठो छोरोलाई एक भाग, कान्छोलाई एक भाग र आफूलाई एक भाग राखेर बाबुले कान्छोको भागको लालपूर्जा उसलाई नै दियो।

चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

रघु अत्यन्त खुशी भयो। बाबुको धेरै धनसम्पत्तिमा आफ्नो भाग पाएकोमा उसलाई धेरै रमाइलो लागेको थियो। साथीको सहायताले उसले आफ्नो भाग सबै बेच्यो र धेरै रुपैयाँ पैसा लिएर बाबु र दाजु मधुबाट छुटेर गाउँबाट निस्क्यो।

"बारम्बार चिठ्ठीपत्र लेख्नु नि। हामीलाई खबर गरिराख्नु है!" भनेर बुबाले दुःख मान्दै आफ्नो छोरोलाई बिदा गऱ्यो। जेठो छोरो मधुचाहीँ आफूले सम्पत्ति पाएपनि बाबुसँगै बस्यो।

धेरै पैसाको झोला बोकेर रघु आफ्नो गाउँबाट तल ओर्ल्यो। गाउँ घरको रमाइलो बातावरण छोड्नुपरेकोले केही नरामाइलो पनि लागिरहेको थियो। एक छिन त फर्कुं फर्कुं जस्तो पनि लागेको थियो। तर घरमा आफ्नो बाबुको कुरा सुन्नुपर्ने र आफू बाँधिएर बस्नुपर्ने कुरा सम्झँदा उसले आफ्नो मन कठोर बनायो र गाउँबाट छिटो छिटो झऱ्यो मानौं पैसा पाएपछि उसलाई बुबा पनि चाहिएको थिएन न त दाजु।

गाउँबाट तल बजारमा आएर उसले बसको टिकट काट्यो अनि धेरै माइल टाढा एउटा रमाइलो सहरमा रघु आइपुग्यो। आफूसँग पैसा टन्न थियो। अब उसलाई यो गर त्यो गर, यो नगर त्यो नगर भन्ने कोही पनि भएन। आफ्नो मालिक आफै भएकोले ऊ खुशी भयो। सहर न हो। उसको आफन्त भन्ने कोही थिएन। त्यसकारण रघु एउटा राम्रो होटेलमा कोठा लिएर बस्न गयो। पहिला उसले आफ्नो गाउँको लुगा सबै फ्याँक्यो र नयाँ कमिज, सुट पाइन्ट र नयाँ जुत्ता किन्यो। नयाँ लुगा लगाउँदा गाउँघरको भन्दा ऊ फूर्तिलो देखिएको थियो। बिहान बेलुका बिभिन्न होटेलहरूमा गएर मिठो मिठो खाना खाएर रमाइलो गर्न थाल्यो। आफूसँग धेरै पैसा भएकोले उसले तास खेल्ने साथीहरू पनि बनायो। साथीहरूको सङ्गतले गर्दा चुरोट, रक्सी र जाँड खान थाल्यो। दिन दिनै नयाँ नयाँ सिनेमाहरू हेर्न थाल्यो। त्यतिमात्र नभएर ऊ नक्कली केटीहरूसँग पनि घुम्न थाल्यो।

रघुले आफ्ना दिनहरू रमाइलोसँग त बितायो तर उसले एउटा कुरो बिर्स्यो। सहरमा त पैसामात्र खर्च गरेर हुँदैन कमाउनु पनि पर्थ्यो। तर उसले कमाउने काम केही पनि गरेन। घरमा खेली खेली बिताएको हुनाले उसलाई केही काम पनि गर्न आउँदैनथ्यो। दस कक्षा फेल भएकोले फेरि जाँच दिन वा केही सिप सिक्न पनि उसले मन पराएको थिएन। बाबुको धेरै धन सम्पत्ति भएकोले पैसाको निम्ति काम गर्नु पर्दैन भन्ने उसको मनमा थियो। तर सहरको वातावरण त अर्कै थियो।

जीवन भनेको रमाइलो गर्ने हो। मोजमज्जा गर्ने हो भनेर सोच्न पुगेको रघुको धेरै साथीहरू पनि थिए। धेरै पैसा भएकोले सहरका साथीहरू उसँग झुम्मिन थालेका थिए र उसको पैसामा तिनीहरूले पनि रमाइलो गरेका थिए। सहरमा गएर पैसा कमाउँछु भन्ने बाबुलाई दिएको वचन उसले गाउँमै छोडेको थियो।

खेतबारी बेचेर उसले धेरै रूपियाँ ल्याएको थियो। त्यो सहरमा ल्याएर उसले सबै बैंकमा राख्यो र चाहे चाहेको बेलामा आफ्नो खल्ती भरेर सहरमा डुल्दै, रमाइलो गर्दै उसले बिस्तारै बिस्तारै पैसा सिध्याउन लागेको थियो।

बैंकबाट पैसा त झिक्यो तर नराखेको कारणले बिस्तारै बिस्तारै पैसा कम कम हुन थाल्यो। एक दिन उसले बैंकमा निक्कै पैसा कम भएको थाहा पायो। अनि ऊ होटेलबाट सरेर सानो कोठा भाडामा लिएर बस्न थाल्यो। उसको पैसा सिध्दिन थालेकोले उसका साथीहरू एक अर्को गर्दै उसबाट टाढा टाढा हुन थाले। हुँदा हुँदा कोठाको भाडा तिर्न पनि उसलाई मुस्किल भयो। आफूसँग भएको घडी बेच्नु पऱ्यो। महँगो महँगो लुगाहरू सस्तो सस्तोमा बेच्नु पऱ्यो। तास खेल्ने रमाइलो गर्ने साथीहरू कसैले पनि उसलाई सहायता गरेनन्। बरू चिनेपनि नचिनेको जस्तो गरेर रघु देख्ने बित्तिकै अर्को बाटोमा लाग्न थालेका थिए।

अब त काम गर्नुपर्‍यो भनेर ऊ कामको खोजीमा गयो। तर के काम गर्ने? सहरमा त धेरै थरीका काम पाइन्छ तर त्यसको लागि योग्यता चाहिन्छ। सिप चाहिन्छ। राम्रो पढेको हुनुपर्छ। तर उसका ती कुराहरू केही थिएन। आखिरमा होटेलमा गएर भाँडा माझेर भएपनि खानु पर्‍यो भनेर होटेलमा गयो। तर जमिन्दारको छोरो भएर हुर्केको रघु न त भाँडा माझ्न जान्दथ्यो न त चिया नै पकाउन जान्दथ्यो। धेरै होटेलहरूमा काम खोज्यो, कसैले पनि काम दिएन। बैंकमा उसको पैसा रित्तिएको थियो। उसँग पैसा सबै सकिएकोले कोठाको भाडा तिर्न नसक्दा घर धनीले उसलाई कोठाबाट निकालिदियो। धेरै महिनासम्म कोठाको भाडा तिर्न नसक्दा आफ्नो अलि अलि भएको भाँडा, दराज, खाट र ओछ्यान आदि घर धनीलाई नै छोड्नुपर्‍यो। अनि ऊ पाटीमा सुत्न वाध्य भयो।

अब के गर्ने? भोक लाग्छ। खानुपर्छ। आखिरमा केही नलागेर त्यस सहरको नजिकको गाउँमा पस्यो र त्यहाँ पनि केही काम पाइएलाकि भनेर “साहुजी, काम पाइन्छ कि?" भनेर कामको निम्ति घर घर चहार्न थाल्यो। बारी खन्न पनि नजानेको, दूध दुहुन पनि नजानेको, घाँस समेत काट्न नजानेकोले उसलाई कसैले काम दिएनन्। आखिरमा ऊ गाउँबाट बाहिर गयो जहाँ सुँगुरहरू पालिन्थ्यो। सुँगुर धनीहरूकहाँ गएर काम माग्यो। नौलो केटा, कसैले नचिनेकोले गाउँका मानिसहरूले केही काम दिन मानेनन्। बल्ल एक जना सुँगुर पाल्ने मानिसले उसमाथि दया देखायो र उसलाई सुँगुर चराउन काम दियो। त्यो चराएबापत उसलाई दुई छाक भात दिइन्थ्यो। त्यसले उसको पेट भरिँदैनथ्यो। पेटमा पटुका बाँधेर सुँगुर चराउन पुगेको रघु, सुँगुरले रमाइलोसँग हिलोमा खेलेको र फोहरी खानाहरू खाएर रमाइलो गरेको देख्दा आफू पनि सुँगुरै हो कि जस्तो उसलाई लाग्न थालेको थियो।

बिचरा रघु! बुबाबाट स्वतन्त्र भएर सहरमा आएर के के न गर्ने भनेर घर गाउँबाट भागेको रघु, सुँगुरको पासोमा पो पर्न गयो।



चित्रः भूमिका वगाले, उमेर ९ वर्ष

एक दिन सुँगुर रमाइलो गरेर यताउती खेलेको देख्दा उसलाई झल्यास्स घरको सम्झना आयो। “ओहो! मेरो बुबाको घरमा कति नोकरहरू छन्। आज म जमिन्दारको छोरो भएर सुँगुर चराउने यस्तो घटिया काम गर्न पुगेकोछु। मैले बुबा र परमेश्वरको विरुद्धमा कस्तो अपराध गरेछु।" भनेर रघु पश्चाताप गर्न थाल्यो र सोच्यो, "अब म घर फर्कन्छु। मेरो भागको सम्पत्ति त सबै बेचेर उडाएँ। म त मेरो बाबुको छोरो भन्न पनि नसुहाउने भएँ। मेरो बुबाले मलाई माया गर्नुहुन्थ्यो।त्यसकारण मलाई बुबाले कसमेकम उहाँका धेरै नोकर र खेतालाहरूमध्ये मलाई पनि बनाइ दिनुहोस् भनि म अनुरोध गर्छु। उहाँले मेरो बिन्ति अवश्य सुन्नु हुनेछ।" भनेर बुबाको मायाको सम्झना गर्दै सुँगुरहरूलाई त्यसै छोडेर आफ्नो गाउँतिर लाग्यो। तर बसको भाडा तिर्ने पैसा नभएकोले ऊ धेरै दिन लगाएर हिँडेर भएपनि घर जाने निर्णयमा पुग्यो।

पैसा हुँदामात्र साथी हुने सहर, आफूले केही काम नजानेलेकोले केही काम नदिने सहर, बरफ जस्तै चिसो भएको ठाउँ र सुँगुरलाई आफ्नो साथी बनाउन वाध्य हुँदा पनि पेट भरि खान नपाएको रघु, अब ती सबैलाई छोडेर खाली खुट्टा र झुत्रेझाम्रे भएर जसरी भएपनि धेरै दिन लगाउँदै आफ्नो गाउँको मुनि रहेको बजारमा रघु आइपुग्यो। त्यस्तो नामी जमिन्दारको छोरा, अब त कसैले चिन्लाकि भनेर डरले लुकी लुकी आफ्नो गाउँको उकालो चढ्न थाल्यो। “मैले मेरो बुबालाई मेरो मुख कसरी देखाउने।" भनेर पीर मान्दै भोकले सकिनसकि गाउँ जाने पहाडमा रघु उक्लन थाल्यो। घरको सम्झनामा ऊ छिटो छोटो हिँड्न थाल्यो। आफ्नो गाउँघर, आफ्नो प्यारो बुबा, भैंडाबाखाहरूको उफ्राई, हरियो बारी आदि सबै छोडेर सुँगुरको रछानमा आफू मुछिनुपर्दा आफूलाई धिक्कार्दै अरू कसैले नदेखोस् भनेर लुक्दै गाउँतिर उक्लियो। जब आफ्नो घर नजिक आउँदै थियो, उसको मुटु ढुक ढुक गर्दै बढ्दै थियो। अरूलाई आफ्नो मुख कसरी देखाउने? “सहर नजाऊ, बाबु" भनेर बुबाले गरेको अनुरोधलाई सुनेको नसुनै गरि गाउँबाट फुईं लगाएर हिँडेको मान्छे अब बाबुलाई कसरी मुख देखाउने होला?

उता बाबु भने आफ्नो छोराको कुनै खबर नआएकोले पिरले छटपटाइरहेको थियो। आफ्नो छोरो घरबाट गएको भोलिपल्टदेखि नै घरको माथिल्लो तलाको घरबाट रघु फर्केर आयो कि भनेर दिनदिनै हेर्न थालेको थियो। रघु गएको एक दिन, एक हप्ता, एक महिना, एक वर्ष, दुई वर्ष भएको थियो तर उसको खबर केही नपाउँदा बुबा निराश र चिन्ताले दुब्लाएको थियो। सहरबाट जो आएपनि “मेरो छोरो रघुलाई देख्यौं कि?" भनेर मानिसहरूलाई सोध्थ्यो।

तर एक दिन साँझमा आफ्नो झ्यालबाट हेर्दा कोही मानिस लरबराउँदै आइरहेको उसले देख्यो। उसको हिँडाई आफ्नै छोरोको जस्तै लाग्यो। आँखाहरूमाथि हात राख्दै, आँखा मिच्दै, घरतिर आइरहेको रूप रघु, हो कि

होकि जस्तो हुनथाल्यो र हतपत घरबाट ओर्लेर आइरहेको त्यो रूपतिर लम्क्यो। त्यस रूपलाई भेट्न ऊ हतारले छिटो छिटो घरबाट निस्क्यो। उसको पछि पछि उसलाई सेवा गर्ने केही मानिसहरू पनि लागेका थिए।

अनि घरबाट आधा किलोमिटरमा दुई बाबु र छोराको जम्का भेट भयो। रघुले "बाबु" भनेर हात फैलाउँदै आफूतिर बढेको बुबाको मुख हेर्न सकेन र भुईंमा घोप्टो परेर आँखाभरि आँसु झार्दै चित्कार गर्दै करायो, "बुबा, तपाईंको र परमेश्वरको बिरुद्धमा मैले पाप गरें। म तपाईंको छोरो भन्न लायकको छैन। मलाई छोरो नभन्नुहोस्। मलाई तपाईंको एउटा नोकर बनाउनुहोस्!"

चित्रः आयुष कुमार साह, उमेर १३ वर्ष

तर बुबाले अब उसको कुरा सुने पनि नसुने जस्तो गरि रघुलाई माथि उचालेर, "बाबु, तिमी मेरो रघु हौ!" भनेर अङ्गालो मार्दै म्वाई खान थाल्यो।

रघुको झुत्रे कपडा, सुँगुरको फोहरी बास्ना, कति दिनसम्म ननुहाएको शरीर, अँध्यारो अनुहार केहीको पनि वास्ता नगरी अङ्गालो मार्दै घरमा रघुलाई ल्यायो।

घरमा पुग्ने बित्तिक्कै आफ्ना मानिसहरूलाई अन्हाए, "ए, हर्के ल ल, मेरो रघुलाई त्यो मेरो नयाँ बख्खु लगाइदेऊ! उसको खुट्टामा नयाँ जुत्ता लगाइदेऊ! मेरो औंठी पनि लगाइदेऊ! ए रामे ल, ल, बगालबाट एउटा मोटो खसी काटेर मासु पकाऊ ! मेरो रघु मरेको थियो जिउँदै आयो! हामी आज रमाइलो भोज गर्ने!" रघु त केही बोल्नै नसक्ने गरि अक न बक भयो। आफू जतिसुकै बदमास भएतापनि आफ्नो बुबाले त्यस्तो प्यार देखाउला भनेर सपनामा पनि सोचेको थिएन्। तर प्यार बुबाको थियो जसको मोल पैसा र प्रगतिमा थिएन तर हृदयमा थियो।

घाम अस्ताइसकेको थियो। गाउँघरका मानिसहरू खेतबारीबाट आआफ्ना घरमा फर्किन्दै थिए। तिनीहरूको साथमा मधु पनि थियो। घर नजिकै आइपुग्दा घरमा रमझम नाचगान भइरहेको उसले देख्यो। आफूसँग रहेको एक जना खेतालालई त्याहाँ के भइरहेको छ भनेर सोध्न पठायो र उसले खबर ल्यायो "रघु आएकोले बुबाले रमाइलो मान्दै भोज मनाउँदै हुनुहुन्छ।"मधुलाई झनक्क रिस उठ्यो। आफूसँग भएको कोदालो भुईंमा फेकेर निधारमा हात लगाउँदै भुईंको ढुङ्गामा थचक्क बस्यो। घरमा नआएको मधुलाई देखेर उसको बुबा उतिर दगुर्दै गयो र भन्यो "ए. मधु, ए मधु तिम्रो भाइ रघु आयो! तिम्रो भाइ मरेको थियो, जिउँदै आयो! आऊ रमाइलो गरौं!"

तर मधुले आफ्नो बुबालाई हकार्दै रिस पोखाउँदै भन्यो, "तपाईंले यो के गर्नुभएको? त्यो बदमास, आफ्नो सम्पत्ति तास जुवा खेलेर बेस्याहरूसँग उडाउने रघुलाई यत्रो सम्मान्! तपाईंको यत्रो सेवा गरेँ मेरो निम्ति तपाईंले कहिल्यै पनि भोज मनाउनुभएन! तर त्यो कुलङ्गार तपाईंको छोरो आउँदा तपाईं खुशी हुने? जान्न, अबदेखि म तपाईंको घरमा कहिल्यै आउँदिन!"

“बाबु, त्यसो नभन! त्यो तिम्रो भाइ हो! ऊ फर्केर आउँदा मलाई कस्तो खुशी लागिरहेछ। जाउँ घर र सँगै रमाइलो गरौं! मेरो सबै सम्पत्ति तिम्रै त हो। तिमी जहिले पनि रमाइलो गर्न सक्छौ!" भनेर बुबाले मधुलाई सम्झाउन थाले।

“तपाईंको छोरो तपाईं नै राख्नुहोस्!" भन्दै रिसले जुरमुराउँदै आफूले पाएको जग्गामा बनाएको घरमा गयो। यो रमाइलोसँग अन्त हुँदै गरेको कथा त नराम्रोसँग पो अन्त भयो! मधुले आफ्नो बुबाको सेवा गरे तर उसले बुबाको मायाको अनुभव गर्न सकेन। सायद बुबाको बाँकी अंश आफैले पाउन उसको सेवा गरेको थियो होला। अब आफूले पाउने सम्पत्ति रघुले पाउला भनेर डाहाले गर्दा बुबा श्यामप्रसादको रमाहटको अवसरमा मधुले भाग लिन सकेन। हाम्रो सनातन परमप्रभु परमेश्वर पिताले पनि हामीलाई असाध्यै माया गर्नुहुन्छ। हामी जतिसुकै बरालिएतापनि यदि हामीहरूको नराम्रो बानीलाई छोडेर उहाँकहाँ आयौं भने उहाँले माया गरेर हामीलाई उहाँको घरमा लानुहुनेछ।

कथा ९ | रामेले पाठ सिक्छ

धेरै वर्ष अगाडिको कुरो हो। काठमाण्डौं सहरमा धेरै घरहरू थिएनन्। त्यसबेला अहिलेको जस्तो धेरै होटेल र लजहरू पनि थिएनन्। गाउँबाट मानिसहरू आउँदा आफन्तहरू छ भने आफन्तकहाँ बस्थे। तर कोही छैन भने पाटी वा मन्दिरको आँगनहरूमा बस्थे। ती ठाउँहरूमा प्रायजसो सामान बोक्ने भरियाहरू सुत्थे।

काठमाण्डौ सहरको बीचमा रहेको पोखरीलाई रानी पोखरी भनेर अहिले पनि भनिन्छ भने त्यसको अगाडि रहेको ठूलो चौरलाई टुँडिखेल भनिन्थ्यो। त्यसलाई अहिले रत्न पार्क भनिन्छ। त्यो टुँडिखेल यति ठूलो थियो कि त्यहाँ त एक दिन हवाई जहाज पनि उत्रेको थियो। त्यसबेला टुँडिखेलमा अनेकौं जादुहरू देखाइन्थ्यो, चटकहरू गरिन्थ्यो र सर्कसको पनि आयोजना हुन्थ्यो। काठमाण्डौंका मानिसहरू रमाइलो गर्न, भेटघाट गर्न, घुम्न र अनेकौं रमझमहरू हेर्न टुँडिखेलमा आउँथे।

रानी पोखरी र टुँडिखेलको बीचमा एउटा बस्ती थियो। त्यो बस्तीको बीचमा एउटा महादेवको मन्दिर थियो। मन्दिरको वरिपरि एक एक तले घरहरु थिए। नेपालको विभिन्न ठाउँहरूबाट केही परिवारहरू आएर त्यहाँ बसेका थिए। तिनीहरूको काठमाण्डौंमा आफ्ना घरहरू थिएनन्। तिनीहरू आफूहरू सुकुम्बासी हौं भनेर घर टहरा बनाएर बसेका थिए। त्यहाँ केही टहराहरू थिए जसलाई होटेल भनिन्थ्यो जहाँ मानिसहरू बास बस्न सक्थे र खाना पनि पाइन्थ्यो। पैसा हुनेहरू ती ठाउँहरूमा बस्थे भने भरियाहरू मन्दिरको आँगनमा बास बस्थे। त्यसबेला त्यो मन्दिर ठूलै थियो। त्यस मन्दिरको छानोमनि सुकुलहरू ओछ्याइएका हुन्थे। कहिलेकाहीं भरियाहरू एक दुई जनामात्र हुन्थे भने कहिलेकाहीं त्यस मन्दिरको आँगन भरि हुन्थे। तिनीहरूले आँगनको मुनि भात, ढिँडो आदि पकाएर खान्थे।

त्यो मन्दिरको आँगनमा त्यहाँको बस्ती र अरू ठाउँका मानिसहरू आएर गफसफ गर्थे। त्यहाँ केटाकेटीहरू पनि रमाइलो मानेर खेल्थे। बेलुका त्यहाँ भजन किर्तन पनि हुन्थ्यो। त्यो बस्ती र नजिकको असनका मानिसहरू आएर भजन गर्थे। त्यस स्थलको अर्को बिशेषता भने त्यहाँ विभिन्न कार्यक्रमहरूको आयोजना गरिन्थ्यो। त्यहाँ विशेष गरेर धार्मिक कार्यक्रमहरू हुन्थे। काठमाण्डौमा कुनै पनि अहिलेको जस्तो नाच गान गर्ने ठाउँ नभएकोले त्यस ठाउँमा कतिपय सार्बजनिक कार्यक्रमहरू हुन्थे। बिभिन्न मानिसहरू भेला हुने त्यो ठाउँ काठमाण्डौको एक आकर्षित ठाउँ थियो।

चित्रः ईमेज कुमार साह, उमेर १० वर्ष

बेलुका मानिसहरू जम्मा हुन भजन गर्न त्यहाँ त्यस स्थलमा उज्यालो पार्न बिजुलीको व्यवस्था गरिएको थियो । ती बिजुली बत्तीको निम्ति तारहरू राखिएका हुन्थे। ती तारहरू तल झुन्ड्याइन्थ्यो र चिमको निम्ति होल्डरहरू

जोडेका हुन्थे। दिउँसो चिम हुँदैनथ्यो। कार्यक्रम भयो भनेमात्र बेलुका चिमहरू हालिन्थ्यो। ती होल्डरहरू छानाबाट तल खसाली राखिन्थ्यो। त्यहाँ जसले पनि चिम हाल्न सक्थ्यो। त्यो स्थलको वरिपरि टहराहरू थिए र त्यहाँ परिवारहरू थिए भनेर अघि नै भनिसकिएको छ। ती परिवारहरूमा साना केटाकेटीहरू थिए जो त्यस स्थलमा रमाइलो गरि खेल्थे। ती केटाकेटीहरूमा रामे नाउँ भएको एउटा छुकछुके केटा थियो। कसैले केही भन्यो भने किन र कसरी भनेर सोध्ने बानी उसको थियो। कसैले चित्तबुझ्दो जवाफ दिएन भने आफैले पत्ता लगाउन चाहन्थ्यो। अरूभन्दा रामेमा कौतुहलता थियो। अरूले भनेका कुराहरू उसले हतपत पत्याउँदैनथ्यो र आफैले त्यो हो कि होइन भनेर पत्ता लगाउन चाहन्थ्यो।

एक दिन रामे करिब सात बर्षको बेलामा उसले एउटा कुरा आफैले पत्ता लगाउन चाह्यो। उसले सुनेको थियो कि बिजुलीले समात्छ। बिजुलीलाई छुनुहुन्न। यो कुरा उसलाई अचम्म लाग्यो। आमाले छुनुहुन्छ, बाले छुनुहुन्छ, साथीभाइले छुन्छन् किनभने तिनीहरूको हात छ। तर बिजुलीको हात कहाँ छ र उसले समात्न सक्छ? रामेको घरमा र ती बस्तीका घरहरूमा बिजुली बत्ती थिएन। तर आफ्नो टहराको नजिक भएको महादेवको मन्दिरमा बिजुली हुन्थ्यो र बेलाबेलामा बेलुका चिमहरू बल्थे।

“बिजुली वा करेन्टले समात्छ, त कसरी समात्छ" भन्दै कौतुहलले रामेलाई उकुसमुकुस पार्न थाल्यो। रामे कोही नभएको बेलामा एक्लै मन्दिरको आँगनमा गयो। उसले तार झुण्डिरहेको देख्यो। त्यस तारलाई उसले छोयो। उसलाई केही पनि भएन। तारले उसलाई समातेन। हात भएपो समात्नु भन्ने उसले तर्क गऱ्यो। अनि ऊ चिम नभएको होल्डरको मुनी गयो। कसैले परबाट “ए रामे, त्यहाँ नजाऊ। बिजुलीले समात्ला" भनेर चिच्याए। तर रामलाई त्यस मानिसको आवाजभन्दा आफ्नो कौतुहलको

आवाज ठूलो लागिरहेको थियो। “हातै छैन भने बिजुलीले मलाई कसरी समात्छ?" फेरि अचम्म मानेर रामे झन त्यस होल्डरको सामु गयो।

अनि बाँया हातले होल्डरको तार समात्यो। त्यो होल्डरको प्वालभित्र हेऱ्यो। त्यहाँ दुईवटा सानो सानो पीनहरू थिए। ती पीनहरूभन्दा आफू त ठूलो छु, त्यसले मलाई कसरी समात्न सक्छ र?" भनेर रामेले सोच्न थाल्यो। “त्यस पीनभित्र औंला छिराएर हेर्छु कसरी समात्ला र, बरू म पो उसलाई समात्छु?" भनेर बिजुलीसँग लड्न उसले सुर कस्यो।

परबाट कसैले “होल्डरमा नछोऊ, नछोऊ!" भन्दै थियो तर रामेले उसको कुरा नसुनी आफ्नो दाहिने हातको औंला त्यस होल्डरमा छिरायो। अनि के भयो होला? उसले होल्डरमा औंला छिराउने बित्तिकै त्यहाँको करेन्टले उसलाई झस्का दियो र ऊ डङ्ग्रङङ गरेर पछारियो। परबाट नसमात भनेको मानिस दगुरेर आयो र उसलाई हप्कायो, “बिजुलीलाई नछोऊ भनेको होइन? मेरो कुरो सुनेनौ। तँलाई त पछारि पो दियो।"रामेको सातोपुत्लो गएको थियो। “बिजुलीले समात्छ भन्नु भएको होइन? खोइ समातेको बरू मलाई घचेटेर पछारि पो दियो?" स्वाँ स्वाँ गर्दै रामेले जवाफ दियो।

बिजुलीले समात्ने होइन बरू पछार्छ भनेर त्यस दिनको घट्नाले बिजुलीको बारेमा रामेले सिक्यो। फेरि त्यतिमात्रै होइन, कतिपय कुराहरू आफैले अनुभव गर्नुपर्छ भन्ने छैन भनेर पनि उसले सिक्यो। त्यस मन्दिरको स्थलमा कतिपय मानिसहरू त्यसबेला रक्सी चुरोट खान्थे। मानिसहरू तास खेल्थे र जुवा खेल्थे। तर ती आदतहरू कस्ता छन् भनेर रामेले अनुभव गर्न चाहेनन् किनभने ती आदतहरूले मानिसहरूलाई पछार्छ भन्ने कुरा उसले सिकेको थियो। रक्सी खाएर बाटोमा लडिरहेको मानिस देख्दा नराम्रो अस्वस्थ आदतले मानिसहरूलाई पछार्छ भन्ने कुरो रामेले सानै उमेरदेखि सिक्न पुगेको थियो।

(यो कथा लेखकको आफ्नै अनुभव हो)

कथा १० | आमाको हात

"आमा, तपाईंको हात कस्तो नराम्रो" मायाले आमाको हात सुमसुम्याउँदै नराम्रो मान्दै भनिन्।

"हो, माया मेरो हात नराम्रो छ।" आफ्नो दुःख लुकाउँदै आमाले जवाफ दिइन्।

एक दिन सदा झैं सात वर्षकी माया भर्खर स्कुलबाट फर्केकी थिइन् र आमालाई भान्सामा सघाउँदै थिइन्। सधैं झैं उनको आमाको हात हेरेर दिक्क मान्दै थिइन्। आमाको दुवै हात कालो थियो। औंलाहरूमा पनि नराम्रो दागहरू थिए। त्यसले गर्दा आमालाई काम गर्न सजिलो थिएन। तैपनि सकिनसकि उनी घरको काम गर्थिन् र खाना पकाउँथिन्। मायाको बुबा कामको निम्ति बाहिर जानुभएको थियो। बुबा बाहिर गएको धेरै दिन भैसकेको थियो। बुबा घरमा हुँदा, प्रायजसो उनले आमालाई सघाउनुपर्दैनथ्यो। बुबा घरमा नभएको बेलामा मायाले आमालाई सघाउनुपर्थ्यो। आमालाई सघाउन मायालाई झर्को लाग्दैनथ्यो। तर आमाको कालो हात देख्दा उनलाई नियास्रो लाग्थ्यो।

"हो नि आमा, हेर्नुहोस् न चमेलीकी आमाको हात कस्तो सुन्दर र नरम। मेरी गुरुआामाको हातहरू पनि कस्तो सफा छन्। तर तपाईंको हात त कस्तो नराम्रो!" फेरि पनि मायाले आमालाई गुनासो पोखाइन्।

मायाले आमाको हात हेरेर अनुहार खुम्च्याएको यो पहिलो पटक थिएन। उनले बारम्बार आमाको हातको बारेमा बोल्थिन् र आफ्ना साथीहरूलाई पनि भन्थिन्। तर आमाले उनको हात किन त्यसो भयो सो उनलाई मात्र थाहा थियो। आफ्ना हातहरू कालो भएको आफ्नै कथा छ जुन मायालाई थाहा थिएन। तर धेरै पल्ट मायाले आफ्नो हातको बारेमा औंल्याइरहँदा आमालाई त्यसको बारेमा कथा भन्नै पर्छ जस्तो लाग्यो।

एक दिन फेरि मायाले आफ्नो हात हेरेर नराम्रो मानिरहेकी बेलामा आमाले भनिन्, "हो माया, मेरो हात नराम्रो छ तर किन नराम्रो भयो सो तिमीलाई थाहा छ?"

"थाहा छैन, आमा भन्नुस् न!" मायालाई पनि सुनुँ सुनुँ जस्तो लागेको थियो।

"तिमीलाई कथा मन पर्छ, होइन त?" आमाले उनको चाहनालाई बुझेर उनको गाला सुमुम्याउँदै भनिन्।

"हो आमा, मलाई कथा मनपर्छ। तपाईको हात किन कालो भएको भन्नुहोस् न!" अनुरोध गर्दै मायाले कर गरिन्।

मायालाई काखमा राखेर आमाले आफ्नो हातको कथा सुरू गर्छिन्।

"धेरै वर्ष अघिको कुरा हो। हामी एउटा ठूलो गाउँमा बस्थ्यौं। त्यहाँ सानो सानो गाउँहरू पनि थिए। त्यो ठूलो फाँट भएको बस्ति थियो। त्यहाँ खेतै खेतहरू थिए। कतिपय घरहरू टाढा टाढा थिए। हामी बसेको घर अरू छिमेकीबाट धेरै किलोमिटर टाढा थियो। कहिलेकाहीं मलाई नियास्रो लागेकोबेलामा टाढा रहेको छिमेकी साथीकहाँ भेट्न जान्थें। एउटा बजार थियो, त्यो पनि हामीहरूको घरभन्दा टाढा थियो।

एक दिनको कुरो हो। गर्मीको समय थियो। खेतबारी सुक्खा थियो। मेरो सानो छ महिनाको नानीलाई एक तलामाथिको कोठामा नै कोक्रोमा राखेर ढोका थुनेर बिहानको भात खाएर म बाहिर निस्कें। धेरै किलोमिटर टाढा रहेको मेरो छिमेकीसाथीकहाँ भेट्न गएँ। धेरै बेर बस्दिन छिट्टै आउँछु भनेर म गएको थिएँ। तर कुरा गर्दा गर्दा दिन गएको त थाहै भएन। दिउँसो भइसकेको थियो। हामी रमाइलोसँग कुरा गरिरहेका थियौं।

तर अचानक मैले दमकलको घन्टी सुनें। मैले साथीलाई भने "दमकल आएको जस्तो छ नि!"

"होला, आजभोलि खेतबारी सुकेको छ। कतै आगो लाग्यो होला। तर चिन्ता गर्नुपर्दैन" भनेर मेरो साथीले मलाई सम्झाइन्। अनि हामी फेरि कुरा गर्न व्यस्त भयौं।

चित्रः ईमेज कुमार साह, उमेर १० वर्ष

"तर त्यो दमकलको आवाज नजिक नजिक आइरहेको छ नि!" फेरि मैले साथीलाई भनें। दिउँसो बान्ह बजेको थियो। मेरी नानी उठी होली कि भनेर मैले साथीलाई बाइबाइ गरेर उनको घरबाट निस्कें।

जब म साथीको घरबाट निस्कें दमकलको ठूलो आवाज सुनें। त्यो हामी बसेको गाउँतिर गइरहेको देखें। मानिसहरू पनि त्यतैतिर हतार हतार गर्दै जाँदै गरेको मैले देखें। अनि त्यो गाउँमा कतै आगो लाग्यो कि भनेर मेरो मनमा चिसो पस्यो र म पनि हतार हतारमा हिंड्न थालें। मानिसहरू धेरै ठाउँबाट मेरो गाउँमा ओर्लिरहेको मैले देखें र दमकलपनि उतै नै गइरहेको मैले देखें। मेरो मन त झन छटपटी भयो।

परबाट मेरो गाउँबाट आगो सल्किरहेको देखें। अनि म झन छिटो छिटो गर्दै गाउँमा पुँगे। त्यहाँ पुग्दा त हाम्रो घरमा पो आगो दन्किरहेको

मैले देखें। मानिसहरू चारैतिर आगो निभाउन व्यस्त थिए। दमकलले पानीको पाइपबाट आगो निभाउन खोज्दै थियो। म घरतिर दगुरें। मेरो नानीको याद आइरहेको थियो। मेरो नानीलाई के भयो भनेर म हस्याङ्ग फस्याङ्ग गर्दै घरतिर लम्के। तर त्यहाँ धेरै मानिसहरूले मलाई रोके। म घरको नजिक गएँ भने म जलेर मर्छु भनेर तिनीहरूले मलाई चिच्याएर कराए। तर मलाई मेरो ज्यानभन्दा मेरो नानीको पिर थियो। नानी नानी भन्दै म फेरि घरमा जान खोजें। तर भिडले रोक्दै थियो। नानीको पिरले मैले बलजफ्ती भिडलाई पन्छाएर घरतिर दगुरें। सबै मानिसले मलाई फर्क फर्क भनेर चिच्याउँदै थिए।

झ्यालहरूमा आगो दन्कदै थियो। छानोमा पनि आगो लागिरहेको थियो। ढोकामा आगो आइपुगेको थिएन। म हुत्तिएर ढोकाबाट नानी नानी भन्दै भित्र पसें। म भरेङ्गबाट माथी उक्लें। कोठाका पर्दाहरू आगोले सल्किरहेको थियो। म छोरी भएको कोठामा गएँ। त्यहाँको झ्यालमा पनि आगो लागिरहेको थियो। त्यो छोरीलाई मैले छातीमा च्यापें र हतार हतार गरेर ओर्लें। बाहिर मानिसहरू कराइरहेको थिए। म किन गएँ, म मर्न गएँ भनेर तिनीहरू चिच्याइरहेका थिए। फेरि आउ कि आउ भनेर पनि मानिसहरू कराइरहेका थिए।

कोठाबाट नानीलाई च्यापेर म भरेङ्गबाट तल ओर्लें। भरेङ्गमा पनि आगो लागिरहेको थियो। मेरो वरिपरि जतातत्तै आगो बलिरहेको थियो। त्यत्तिकैमा आगोका मुस्लाहरू खसेर मेरो कपालमा लाग्यो। मेरो कपाल जल्यो। मेरो हातमा लाग्यो। मेरो हात पनि धेरै पोल्यो। मेरो लुगामा आगोको झिल्काले खाँदैथियो। आगै आगोको बीचबाट केही पर्वाह नगरि नानीलाई छातीमा च्याप्दै म घरबाट बाहिर निस्कन सफल भएँ। बाहिर निस्कने बित्तिक्कै म लम्पसार भएँ। म बेहोस भएँ। मलाई के भइरहेको थियो सो थाहा थिएन।

अनि केही घन्टा पछि म अस्पतालामा पो रहेछु भनेर मलाई होस आयो। मेरो होस आउनेबित्तिक्कै "मेरी छोरी" भनेर म चिच्याएँ। त्यहाँका

डाक्टर र नर्सले मेरी छोरी राम्रै छिन् भनेर मलाई सुनाए। तर मेरा हात र गोडाहरूमा पट्टी बाँधिएका थिए किनकि आगोले पोलेर कालो भएको थियो।

केही दिनपछि म र नानी अस्पतालबाट निस्क्यौं। घर जलेकोले हामीहरू एक जना छिमेकीको घरमा बस्न पुग्यौं। हामीहरूको घरमा भएको सबै थोक जलेको थियो। तर मेरी छोरी बाँचेकोमा मलाई खुशी लागेको थियो। अब माया, त्यो छोरी को हो तिमीलाई थाहा छ?" आफ्नो कथा सिध्याउँदै आमाले मायालाई सोधिन्।

"को हो आमा?" आमाको कथामा अचम्म मानेर मायाले सोधिन्।

"त्यो छोरी, तिमी नै हौ। तिम्रो लागि मैले आगो नभनी तिमीलाई मैले बचाएँ। मेरा हात र पाउहरू आगोले कालो भए। तर तिमी बाँचेकोमा परमेश्वरलाई दिनदिनै धेरै धेरै धन्यवाद दिन्छु।" अन्तमा आमाले आफ्नो कथा टुङ्गाइन्। गहभरि आँसु निकाल्दै मायाले आमाको हात लिएर म्वाइ खाँदै भनिन् "आमा तपाईंको हात कति सुन्दर!"

नानीहरू हो! यस ससारमा धेरै मानिसहरू म येशू हुँ। येशू यहाँ छ त्यहाँ छ भनेर आउँछन्। येशू माताको रूप लिएर आएको छ भनेर मानिसहरूलाई भड्काउन खोज्छन्। हामीलाई थाहा छ येशू बादलबाट सबैले देख्ने गरेर ओर्लनुहुनेछ। तैपनि कसैले तिमीहरूलाई येशू कुनै ठाउँमा आएको भनेर बहकाउन खोज्यो भने उहाँको हात, पाउ र कोखा हेर्न पाउँ भनेर सोध्नु पर्छ। येशूका चेला थोमाले पनि येशू येशू नै हुनुहुन्छ भनेर ठोकुवा गर्न उहाँको हात र कोखामा आफ्नो हात हाल्न चाहेका थिए। जब येशू देखा पर्नुभयो तब उनले ती हात र कोखाका प्वालहरू देखे अनि भने "मेरा प्रभु, मेरा स्वामी!" हामीहरूको घाउ निको हुन्छ। तर रोमी सिपाहीँहरूले हामीहरूका पापको निम्ति येशूको हात, पाउ र कोखामा पारेका प्वालहरू कहिल्यै पनि निको हुनेछैन। त्यो अनन्तकालसम्म रहिरहन्छ। जब हामी येशूलाई विश्वास गर्छौं त भन्छौं तर एक आपसमा झगडा गर्छौं र कुट्छौं तब उहाँको घाउ चस्स चस्स दुःख्छ। यदि येशूलाई हामीले माया गर्छौं भने उहाँको हात नदुखाऔं ल!